‘युवा पुस्तालाई कृषि पेसामा संलग्न गराउनुपर्छ’ पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो ‘क’ वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ७३ • २०८२ साल साउन १६ गते शुक्रबार (1 August, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–


## नउपा फुट्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । नागरिक उन्मुक्ति पार्टीले अध्यक्ष रञ्जिता श्रेष्ठलाई बर्खास्त गर्दै लालवीर चौधरीलाई नयाँ अध्यक्ष चयन गरेको छ ।

काठमाण्डुमा बिहीबार भएको राष्ट्रिय भेलाबाट श्रेष्ठलाई हटाएर लालवीरलाई अध्यक्ष चयन गरेको छ । नाउपाका सांसदसमेत रहेका लालवीर रेशम चौधरीका बुबा छन् ।

अध्यक्ष चुनिएपछि लालवीरले भने, ‘पार्टीको अवस्था र परिस्थितिले गर्दा हामीले यो निकास खोजेका हौँ,डेढ वर्षदेखि बैठक नडाकेकाले पार्टी अनिर्णयको बन्दी बनेको थियो । रुपन्देहीमा उपनिर्वाचन आइसकेको अवस्थामा उम्मेदवारी दिने प्रक्रिया अघि बढाउन पनि यो निर्णय आवश्यक थियो ।’

तर रञ्जिताले भने भेला अवैध भएको दाबी गरेकी छन् । उनले संसदीय दलका नेता गंगाराम चौधरीलाई स्पष्टीकरण सोधेकी थिइन् । पछिल्लोपटक घुस प्रकरणमा मुछिएपछि श्रेष्ठ विवादमा तानिएकी छन् । यद्यपि श्रीमान् श्रीमतीसमेत रहेका चौधरी र श्रेष्ठबीच पार्टी राजनीतिलाई लिएर लामो समयदेखि विवाद चल्दै आएको छ ।

टीकापुर हत्याकाण्डका मुख्य योजनाकार ठहर रेशमले जेलमै रहेका बेला श्रीमतीलाई अध्यक्ष बनाएर पार्टी खोलेका थिए । हाल राष्ट्रपतिबाट आममाफी पाएर रेशम जेलबाहिर छन् ।

### मधेशमा खडेरीको संकट

# तापक्रममा वृद्धि, वर्षाको विकल्पको खोजी ‘क्लाउड सीडिङ’

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा पानी नपर्दा भयावह अवस्थाको सिर्जना भएको छ । यस वर्ष आधा मात्रै धान रोपाइँ भएको छ । खडेरीका कारण धानको बेर्ना पनि सुकेर जाने भएपछि सरकारले मधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको छ ।

विगतका वर्षहरूको तुलनामा यस वर्ष वर्षायाममा यस क्षेत्रमा करिब ४६ प्रतिशत मात्रै वर्षा हुँदा रोप्न धानको बीउ तयार गरिएको थियो । तर सो बीयसमेत सुक्न थालेको तथा इनार र बोरिङ पनि सुकेर खानेपानीको समेत हाहाकार हुने स्थिति सिर्जना भएको छ ।



“जमिनमाथिबाट जाने पानीमा क्षयीकरण आएका कारण भूमिगत पानी पनि सुकेको हामीले पायौँ,“ अध्ययनका लागि मधेश पुगेर फर्किएका सिचाइँ मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यले भने । जलाधार विज्ञ मधुकर उपाध्याका अनुसार मधेशको खडेरीले विज्ञानको पूर्वानुमानलाई पनि चुनौती दिएको छायो वर्ष धेरै वर्षा हुने पूर्वानुमानका बाबजुद पनि मधेश प्रदेशमा सुख्खा देखिएका कारण कतिपय मौसमी गतिविधिहरू पूर्वानुमानबाहिर जान थालेको उनी बताए ।

मूल र खोलाहरू सुकेका घटनाले पनि त्यसको पुष्टि हुने उपाध्या बताउँछन्।मधेशमा आधामात्रै रोपाइँ मधेशमा रोपाइँ हुँदै सन् २०२२ मा प्रकाशित राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण प्रतिवेदनका अनुसार ७८ प्रतिशत घरधुरीले खोला तथा खोल्साहरूमा र ५५ प्रतिशत घरधुरीले पँधेरो तथा कुवामा पानी घटेको बताएका थिए ।

सो प्रतिवेदन अनुसार खोला तथा खोल्साहरूमा पानीको मात्रा बढेको बताउने घरधुरी १.३ प्रतिशत र पँधेरो तथा कुवामा पानी बढेको बताउने १ प्रतिशत मात्रै थिए ।

प्रतिवेदनले त्यसको असर पारिस्थितिक प्रणाली, कृषि र जीविकाका विभिन्न पक्षमा देखिने औँल्याएको छ । धेरैजसोले पछिल्लो २५ वर्षमा अपर्याप्त वर्षा, बढ्दो खडेरी, सडक निर्माण, वन फँडानी र सहरीकरणका कारण पानीका स्रोतहरू सुक्दै गएको बताएका थिए ।

उपाध्याका अनुसार विश्वव्यापी तापमान वृद्धिका कारण पनि जमिनमा भएको पानी सुक्ने र हावामा पानीका कण कम हुँदै जाने अवस्था निम्तिएको छ ।

वर्षाका लागि अत्यावश्यक बादल बन्ने प्रक्रिया नै घट्नु पनि कारण रहेको हुन सक्ने विज्ञहरू बताउँछन् ।

एक सरकारी अध्ययन कार्यदलका अनुसार नहर सिचाइँ तथा बोरिङको सहयोगमा मधेश प्रदेशमा साउन ११ गतेसम्ममा करिब ५१ प्रतिशत मात्रै धान रोपाइँ सकिएको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा करिब चार प्रतिशत र कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा करिब १५ प्रतिशत योगदान गर्ने धानबाली सबैभन्दा बढी उत्पादन मधेश प्रदेशमा करिब ३ लाख ७५ हजार हेक्टर जग्गामा धान खेती हुने गरेको छ । ‘अब हरेक थोपा पानी जोगाउनुपर्छ ।’

जलस्रोतबारे अध्ययन गरिरहेका उपाध्या पानीको सञ्चय घट्दै जाने क्रम पुरानो अवस्थामा नफर्कने दरमा बढिरहेको बताउँछन् । उनी तराईमा एक चौथाइभन्दा धेरै मानिसहरूले ससाना खोलाहरू सुकेर गएको सुनाउने अध्ययनमा देखिएको बताउँछन् ।

‘तापक्रम वृद्धि अपत्यारिलो दरमा बढ्दो क्रममा छ । त्यो तत्काल घट्ने देखिँदैन । त्यसमा हामीले तराईलाई ‘टिप अफ द आइसबर्ग’ मानेर समाधानमा काम गर्दै गर्नुपर्छ’, उनले भने ।

तराई क्षेत्रमा रहेको भूमिगत पानीको स्रोत नेपाल र भारत दुवै देशका सीमावर्ती क्षेत्रमा बाँडिने भएका कारण भूमिगत पानीको पुनर्भरणबारे दुवै देशले सहकार्य गर्नुपर्ने जलाधार विज्ञ उपाध्या बताउँछन् ।

‘चुरेको फेदीमा मौसमी र स्थानीय पुनर्भरण पोखरी निर्माण गर्ने, भूमिगत डिप ट्युबवेलहरूको नियमन गर्ने, तराईमधेश क्षेत्रमा जलाशय तथा तलाउहरूको विकास सुदृढीकरण अभियान सञ्चालन गरिनुपर्ने सिफारिस हामीले गरेका छौँ’, जलस्रोत मन्त्रालयका सहसचिव आचार्य भन्छन् ।

उनले सुनकोशी मरिण डाइभर्शन र सुनकोशी कमला डाइभर्शन परियोजनाले नेपालको मध्यतराई क्षेत्रमा सिँचाइ र पुनर्भरणका लागि राम्रो योगदान गर्न सक्ने सम्भावना बताए ।

सो कार्यदलले तराई मधेश क्षेत्रमा विद्युत् वितरण प्रणालीमा सुधार गर्न पनि सुझाव दिएको छ ।

जल तथा मौसम विज्ञान विभागकी उपमहानिर्देशक अर्चना श्रेष्ठ वर्षाले गराउने बादलमा हेरफेर गरेर कृत्रिम वर्षाका लागि प्रयोग हुने ‘क्लाउड सीडिङ’ प्रविधिबारे पनि अध्ययनको आवश्यकता अहिलेको खडेरीले उजागर गरेको बताइन् ।

नेपालले अहिले भोगिरहेको समस्या समाधानमा यो प्रविधि उपयुक्त विकल्प नभए पनि त्यसबारे अध्ययन आवश्यक देखिएको उनको भनाइ छ ।

उनले भनिन्, ‘धेरै देशहरूले यसको अभ्यास र प्रयोग पनि गरिसकेका छन् । हामीलाई एक दिन मात्रै वर्षा गराएर नपुग्ने भएका कारण यो अवस्थाका लागि उपयुक्त नहोला तर हाम्रोजस्तो जलवायु भएको ठाउँमा कस्तो अवस्थामा सफल हुन्छ भन्नका लागि पनि यसको अध्ययन चाहिँ हुन आवश्यक छ ।’










# सिरहाका किसानको आशाः कमला र खुट्टीखोला नहर



सिरहा। भखरै रोपाइँ सकिएको छ, तर कर्जन्हा-१ का श्यामलाल यादवका आँखाले अझै आकाश नियाल्न छोडेका छैनन्। रोपिएको बीउ हरियो भएर पलाउँछ वा पानी नपाएर पहेँलिन्छ ! उहाँ ढुक्क हुन सकिरहनुभएको छैन। लामो समयको खडेरीले कमला नहरको कुलोमै पानी सुक्ला कि भन्ने शङ्का उहाँको मनमा गडेर बसेको छ। "नहरको पानीले खेत भरिन्छ भन्ने आशा छ, तर कहिलेकाहीँ नहर सुकेको देख्दा मन अमिलो सुक्छ" उहाँ भन्नुहुन्छ।

नहरले धोका पो दिन्छ कि भन्ने डर उहाँमा मात्रै होइन, पूरै गाउँका किसानमा छ। समयमा वर्षा नहुने, कहिले धेरै त कहिले थोरै पानी पर्ने पछिल्ला वर्षहरूका अनुभवले किसानलाई निश्चिन्त हुन दिएको छैन। श्यामलाल जस्ता किसानको जीवन खेतीकिसानीमै निर्भर छ। त्यसैले रोपाइँ ढिला भयो भने 'सिजन चुक्ने' डर, बाली राम्रो भएन भने वर्षभरिको आम्दानी गुम्ने पीर। यस्तो अवस्थामा सिँचाइ नहर नै यहाँका किसानको भरोसा बनेको छ–तर त्यो आधार पनि मजबुत छैन।

**कमला नहरले जगाएको 'आशा'**

श्यामलालको गाउँ नजिकैबाट बगेको कमला सिँचाइ नहर धेरैको आशाको केन्द्र हो। नेपालका ठूला सिँचाइ आयोजनामध्ये एक कमलाले थुप्रै किसानको जीवनशैलीमा ठूलो परिवर्तन ल्याइरहेको छ। यसको ऐतिहासिक महत्त्व पनि उत्तिकै छ। विसं २०१७ साल कात्तिक २६ गते तत्कालीन सिँचाइ मन्त्री गणेशमान सिंहले शिलान्यास गर्नुभएको यस आयोजनामार्फत विसं २०४० सालदेखि सिँचाइ सुविधा सुरु भएको हो।

कमला सिँचाइ व्यवस्थापन कार्यालय पोर्ताहा, धनुषाका कार्यालय प्रमुख वीरेन्द्र यादवका अनुसार हालसम्म यस आयोजनाले पूर्वी खण्डअन्तर्गत सिरहातर्फ करिब १२ हजार ५०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याएको छ। विशेषगरी कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र सुखीपुर नगरपालिकाका साथै विष्णुपुर र औरही गाउँपालिकाका किसानहरूले यसबाट प्रत्यक्ष लाभ लिइरहेका छन्। यस्तै, पश्चिम खण्डअन्तर्गत धनुषातर्फ १२ हजार ५०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ।

कमला सिँचाइ आयोजनाले ठूलो क्षेत्रफलमा सेवा पुऱ्याए पनि हाल नदीमै पानीको सतह घटेका कारण नहरमा पर्याप्त प्रवाह हुन सकेको छैन। यस्तो अवस्थामा पनि किसानलाई राहत दिने उद्देश्यले कार्यालयले आलोपालो प्रणाली लागू गरेको जनाएको छ। "नहरमा पानीको सतह कम भएकाले शाखागत रूपमा पालो मिलाएर सिँचाइ व्यवस्था मिलाइएको छ", कार्यालय प्रमुख यादवले भन्नुभयो, "धान रोपाइँलाई ध्यानमा राख्दै असार ९ गतेदेखि नहरमा पानी प्रवाह सुरु गरिएको थियो, तर कमला नदीमै पानीको बहाव कम भएकाले सिँचाइमा चुनौती देखिएको छ।"

उहाँका अनुसार आवश्यक मात्रामा पानी नआउँदा नहरका सबै शाखा प्रशाखामा एकैपटक सिँचाइ सम्भव नभएकाले विकल्पमा पालो प्रणाली लागू गरिएको हो। यसले सबै किसानको आवश्यकता एकैपटक पूरा गर्न नसकिए पनि सबै ठाउँमा पानी पुऱ्याउन सजिलो भएको छ। "हामीले अनुगमन र व्यवस्थापनलाई सशक्त बनाएका छौँ। पानीको बहाव बढेपछि नियमित आपूर्ति सुनिश्चित गर्नेछौँ", प्रमुख यादवले भन्नुभयो।

**खुट्टीखोला सिाचाइ नहरको सपना अधुरै**

कमला नहरले राहत दिएको छ, तर सिरहाको पूर्वी भेगका किसानलाई लक्षित गरी बनाउने भनिएको लहान नगरपालिका-१० स्थित खुट्टीखोला सिँचाइ आयोजना अझै अधुरो छ। चार वर्षअघि झन्डै रु नौ करोड लागतमा निर्माणको मुख्य संरचना सम्पन्न भइसक्दा पनि खुट्टीखोलाको पानी अझै किसानको खेतसम्म आइपुगेको छैन।

"सिँचाइ आयोजनाको मुख्य संरचना 'हेडवर्क्स' तयार छ। नहर पनि बनेको देखिन्छ, तर नहरमा पानी सञ्चालन गरिएको छैन", लहान-११ का किसान धर्मराज चौधरीले भन्नुभयो, "हरेक वर्ष नहरमा पानी आउने आशामा खेत तयार गर्छौं, तर अन्ततः प्रकृतिमै भर पर्नुपर्छ।"

खुट्टीखोला सिँचाइ आयोजना सुरु हुँदा किसानमा निकै उत्साह थियो। आयोजना पूर्ण रूपमा सञ्चालनमा आए जिल्लाको पूर्वी भागमा सयौँ हेक्टर खेत सिँचित हुने थिए, तर मुख्य नहर बने पनि शाखा नहर, नियन्त्रण गेट, पानी प्रवाहका लागि आवश्यक सानोतिनो संरचना अझै अधुरै छन्।

यस आयोजनामार्फत लहान, सखुवानान्करकट्टी, भगवानपुर र लक्ष्मीपुर पतारीलगायत चारवटा पालिकाको ९३५ बिघाभन्दा बढी खेतमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ। 'हेडवर्क्स' बनेपछि उत्साहित बनेका किसान चार वर्षसम्म खेतमा पानी आउने सुनिश्चितता नभएपछि निराश छन्। नहर सञ्चालनको माग गर्दै किसानले सङ्घर्ष समिति गठन गर्नुपरेको थियो। त्यसको दबाबपछि नहर पुनः सञ्चालनको प्रक्रिया अघि बढाइएको छ।

मधेस प्रदेशसभा सदस्य राजेन्द्रप्रसाद चौधरीले स्थानीय सरकार किसानका आवश्यकताप्रति संवेदनशील नहुँदा सिँचाइ नहरको काम अगाडि नबढेको बताउनुहुन्छ। बर्सेनि पानीको अभावले धान रोप्न नसकिएको अवस्थामा नहर सञ्चालन हुनु जीवनरक्षासँग जोडिएको विषय भएकाले त्यसलाई अगाडि बढाउनुपर्ने उहाँको भनाइ छ। चौधरीले भन्नुभयो, "बर्सेनि पानीको अभावमा बाली सुक्छ। यस्तो अवस्थामा सिँचाइ पूर्वाधारको उपेक्षा गर्नु जनताको जीवनमाथिको खेलबहाड हो। नहर राजनीतिक विषय होइन, यो जीवन र खाद्य सुरक्षासँग जोडिएको विषय हो, त्यसैले तत्काल बाँकी काम हुनुपर्छ।"

**दुवै सिाचाइ आयोजनाको एकै दिन अनुगमन**

कमला र खुट्टीखोला नहरको बुधबार एकै दिन स्थलगत अनुगमन गरिएको छ। कमला सिँचाइको पूर्वी नहर प्रणालीअन्तर्गत कर्जन्हाको पुछार गाउँका किसानले पानी नपाएको गुनासोपछि जनप्रतिनिधि, सिँचाइ कार्यालयका अधिकारी र किसानहरूको टोलीले अनुगमन गरेको हो। अनुगमनपछि सातामा तीन दिन पानी छोड्ने सहमति भएको कर्जन्हा-१ का वडाध्यक्ष फणीन्द्र पोखरेलले जानकारी दिनुभयो।


पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालबाट उद्घाटन गरिएको प्रशाखाले हाल डेढ सय बिघामा सिँचाइ गरिरहेको भए पनि किसानले त्यसलाई एक हजार बिघामा विस्तार गर्न माग गरेका छन्।

यता, लहान नगरपालिका-१० स्थित खुट्टीखोला नहरमा पनि ड्यामस्थलको अनुगमन गरिएको छ। आयोजनाको 'हेडवर्क्स' निर्माण भइसके पनि बजेट, समन्वय र विवादका कारण नहर सञ्चालन हुन सकेको छैन।

खडेरीका कारण रोपाइँ प्रभावित भएपछि नहर सुधार र सफाइका लागि मधेस प्रदेश सरकारले छुट्याएको रु १५ लाख बजेटमार्फत सञ्चालनको तयारी गरिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय सिरहाले जनाएको छ। अनुगमन टोलीमा प्रदेशसभा सदस्य चौधरी, प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल, जिल्ला समन्वय समिति प्रमुख दिनेश महतो, सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख हस्मत अन्सारी, इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयलका साथै सुरक्षा निकायका उच्च अधिकारीलगायत सहभागी हुनुहुन्थ्यो।

अनुगमनका क्रममा स्थानीयले प्रदेश सरकारले न्यून बजेट छुट्याएको गुनासो गरेका थिए। अनुगमन टोलीले स्थलगत अवलोकनपछि नहर छिट्टै सञ्चालनमा ल्याउन सबै सरोकार भएका निकायबीच सहमति भएको जानकारी गराएको थियो। रासस

# मधेश आन्दोलनः सपनाको बाढी र बलिदानको खेती



शम्भु साह

मधेश, जहाँ सपनाहरू सधैं बाढीमा बग्छन् र भ्रष्टाचारको खेती सधैं हरियाली रहन्छ। मधेश आन्दोलन, संघीयता, मधेश प्रदेश सरकारको कार्यशैली, भ्रष्टाचारमा मन्त्रीहरूको कार्यसम्पादनको कुरा गर्नु भनेको कुनै सुपरहिट हिन्दी सिनेमाको कथालाई पुनर्जनम दिनुजस्तै हो–जहाँ नायक, खलनायक र हाँस्यकलाकार सबै एउटै पात्रमा मिसिन्छन्। यो लेख लेख्दैमा हामी मधेशको विगत, वर्तमानको रमिता र भविष्यको धमिलो तस्बिरलाई केही व्यंग्यको रंगमा रंगाएर हेर्ने प्रयास गर्दैछौं।

मधेश आन्दोलनको कुरा गर्दा मनमा एउटा तस्बिर उभिन्छ–हातमा झन्डा, मनमा आक्रोश र सडकमा उभिएको हजारौंको भीड। २०६३ र २०७२ मा भएको मधेश आन्दोलनले नेपालको इतिहासमा एउटा यस्तो अध्याय लेख्यो, जसले पहाड र मधेस बीचको दूरीलाई घटाउने सपना देखायो। मधेशी जनताले आफ्नो पहिचान, अधिकार र सम्मानको लागि लडाइँ लडे। यो आन्दोलनले संघीयताको बीउ रोप्यो, जसको फलस्वरूप मधेश प्रदेशको जन्म भयो। तर, यो बीउ कस्तो माटोमा रोपियो र कस्तो फल फलायो? त्यो त हामी मधेशी जनता सबैले देखिरहेकै छौं।

मधेश आन्दोलनको माग थियो–आत्मसम्मान, समावेशीता र स्वायत्तता। तर, आज मधेश प्रदेश सरकारको कार्यशैली हेर्दा लाग्छ, ती मागहरू कुनै पुरानो किताबको पानामा थन्किएका छन्। आन्दोलनको आगोले जन्माएको संघीयता आज एउटा यस्तो रूख बनेको छ, जसको हाँगामा नेताहरूको महत्वाकांक्षा झुण्डिएको छ, र जरामा भ्रष्टाचारको किल्ला गाडिएको छ। मधेशी जनताको सपना त सधैं बाढीमा बग्ने कमलजस्तै भएको छ "जति सुन्दर, त्यति नै नाजुक"।

३संघीयताको जन्मः सपनाको बिलबोर्ड

संघीयता नेपालमा एउटा यस्तो प्रयोग थियो, जसलाई बेच्नको लागि ठूलो-ठूलो बिलबोर्ड बनाइयो। 'सबैको अधिकार, सबैको पहिचान' भन्ने नारा बोकेर आएको संघीयताले मधेशलाई आफ्नो सरकार, आफ्नो प्रशासन र आफ्नो भविष्य निर्माण गर्ने अवसर दियो। तर, यो अवसर कति हदसम्म उपयोग भयो? मधेश प्रदेश सरकारको गठनपछि जनताले सोचेका थिए–अब त हाम्रो गाउँमा बिजुली, सडक, सिँचाइ, स्कूल र अस्पताल बन्ला। तर, वास्तविकता के छ? सडकहरूमा खाल्डा, स्कूलहरूमा शिक्षकको अभाव, अस्पतालमा औषधिको सट्टा नेताको भाषण र बिजुलीको तारमा अमरलति झारको रजाइँ।

संघीयताको यो मोडलमा मधेशले आफ्नो सरकार पायो, तर सरकारको कार्यशैली हेर्दा लाग्छ–यो त एउटा पुरानो गाडी हो, जसको इन्जिन नेताहरूको स्वार्थले चल्छ र ब्रेक भ्रष्टाचारले थुन्छ। मधेश प्रदेश सरकारले आफ्नो स्थापनाकालदेखि नै एउटा रमाइलो नाटक मञ्चन गरिरहेको छ, जहाँ मन्त्रीहरूको नियुक्ति, मन्त्रालयको नाम परिवर्तन र बजेटको बाँडफाँटमा जति रमिता हुन्छ, त्यति नै जनताको मन रित्तिन्छ।

मधेश प्रदेश सरकारको कार्यशैलीको कुरा गर्दा पुरानो उखान सम्झिन्छु–'नाच्न नजान्ने आँगन टेढो।' सरकारले हरेक वर्ष बजेट ल्याउँछ, ठूलठूला योजनाहरू घोषणा गर्छ, तर कार्यान्वयनको कुरा आउँदा सबै कागजमै सीमित हुन्छ। उदाहरणका लागि, मधेश सरकारले चालु आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य संशोधन गर्न संकल्प प्रस्ताव पारित गरेको समाचार ताजै छ। यो प्रस्ताव पारित गर्नुको कारण के हो? बजेटमा जनताको आवश्यकता समेटिएन कि नेताहरूको स्वार्थ समेटिएन? यो प्रश्नको जवाफ जनताले पाउनुपर्छ, तर जवाफको सट्टा उनीहरूले अर्को भाषण पाउँछन्। यही आर्थिक वर्ष ०८२ /०८३ बजेटको रेडबुकमा जनताको योजना भन्दा ५ देखि १० प्रतिशत कमिसनमा बिचौलियाको प्रभाव रहेको कुरा जगजाहेर नै छ।

मधेश सरकारको कार्यशैलीमा एउटा विशेष कला छ–मन्त्रालयको नाम परिवर्तन गर्ने। मधेश सरकारले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको नाम परिवर्तन गरेर 'गृह तथा सञ्चार' राख्ने निर्णय गरे तर यो नाम परिवर्तनले के फरक पर्यो ? के प्रहरी समायोजन भयो ? के शान्ति-सुरक्षा बलियो भयो ? कि यो केवल नेताहरूको 'व्यवस्थापन'को नयाँ तरिका हो ? प्रदेशका मुख्यमन्त्रीले यो परिवर्तनलाई 'संघ सरकारसँगको लडाइँ' को सुरुवात भनेका थिए। तर, जनताले सोधिरहेका छन्–यो लडाइँ हाम्रो अधिकारको लागि हो कि नेताहरूको कुर्सीको लागि?

मधेश सरकारको अर्को विशेषता हो–मन्त्रीमण्डल विस्तार। हरेक पटक मन्त्रीमण्डल विस्तारको समाचार आउँदा जनताको मनमा एउटै प्रश्न उठ्छ–यो विस्तार जनताको हितमा हो कि गठबन्धनको हिसाब मिलाउन? कि केवल नेताहरूको तलब र भत्ता?

**भ्रष्टाचारः मधेशको 'उपभोक्ता समिति' 'अनौपचारिक कर'**

मधेशमा भ्रष्टाचारको कुरा गर्नु भनेको पानीमा माछा खोज्नुजस्तै हो–जता हेर्यो, उतै भेटिन्छ। मधेश सरकारको उपभोक्ता समितिको नाउँमा हरेक मन्त्रालय, हरेक योजनामा भ्रष्टाचारको छायाँ देखिन्छ। चाहे त्यो सडक निर्माण होस्, चाहे शिक्षा क्षेत्रमा बजेट विनियोजन होस्, हरेक ठाउँमा 'कमिसन' को खेल चल्छ। मधेशमा भ्रष्टाचार यति सामान्य बनेको छ कि यो अब 'अनौपचारिक कर' जस्तै भएको छ। कुनै ठेक्का लिनु छ? कमिसन,

कुनै फाइल अगाडि बढाउनु छ? कमिसन। कुनै योजना स्वीकृत गर्नु छ? फेरि कमिसन। अन्तिममा भुक्तानी लिनु छ फेरि अर्को कमिसन।

मधेश सरकारले भ्रष्टाचार नियन्त्रणको लागि नारा त दिन्छ तर, यो नारा केवल कागजमा लेखिएको सुन्दर कविता जस्तै हुन्छ। वास्तविकतामा भ्रष्टाचारको जालो यति बलियो छ कि यो तोड्नको लागि कुनै सुपरहिरो चाहिन्छ, तर मधेशमा सुपरहिरोको सट्टा सुपर-नेताहरू छन्, जो आफ्नै कुर्सी बचाएर प्रदेश देखि संघको राजधानीमा महल जोड्नमा व्यस्त छन्।

मधेश सरकारका मन्त्रीहरूः 'महान' कार्यसम्पादनको कथाको कुरा गरौं।

"मन्त्रीहरूको कार्यसम्पादन हेर्दा लाग्छ–उनीहरूले मन्त्रालयलाई आफ्नो निजी कार्यालय ठानेका छन्।

मन्त्रीहरूको कार्यसम्पादन मूल्यांकन गर्ने हो भने मधेश सरकारले कुनै नयाँ मापदण्ड बनाउनुपर्छ–जस्तै, 'कति सम्पति जोड्यो 'कति भाषण दिइयो?' वा 'कति पटक मन्त्रीमण्डल विस्तारमा सहभागी भइयो?' किनकि जनताको लागि देखिने परिणाम त शून्यजस्तै छ।

३मधेशको 'समृद्धि' गाथा

मधेश सरकारको यो समृद्धि गाथा हेर्दा हाँस्नु कि रुनु, यो प्रश्न जनताको मनमा छ। मधेश आन्दोलनले जन्माएको संघीयताको सपना आज नेताहरूको स्वार्थको बन्धक बनेको छ। मधेश सरकारको कार्यशैली यस्तो छ कि जनताले कर तिर्छन्, तर बदलामा नेताहरूको भाषण र मन्त्रीहरूको भत्ता पाउँछन्। भ्रष्टाचारले मधेशको हरेक क्षेत्रलाई गाँजेको छ, र मन्त्रीहरूको कार्यसम्पादनले यो गाथालाई अझ रंगीन बनाएको छ।

यो लेख लेख्दै गर्दा एउटा कुरा स्पष्ट छ–मधेशको जनताले जुन सपना बोकेर आन्दोलन गरे, त्यो सपना अझै कागजमै छ। मधेश सरकारले यदि साँच्चै जनताको हितमा काम गर्ने हो भने उसले भ्रष्टाचारको दलदल सुकाउनुपर्छ, मन्त्रीहरूको कार्यसम्पादनमा पारदर्शिता ल्याउनुपर्छ र विकासलाई कागजबाट सडकसम्म ल्याउनुपर्छ। तर, यो सबै कुरा केवल सपना हो कि, त्यो त मिसन ८४को चुनावले बताउने छ।



अन्तमा, मधेशको जनतालाई एउटा सुझाव–आउँदो निर्वाचनमा मंत्री भएकाहरूलाई भोट दिनु अघि सोध्नुहोसः "तपाईंको कार्यसम्पादनको खाल्डा कति गहिरो छ?" किनकि मधेशको सडकमा खाल्डा त छन्, तर नेताहरूको कार्यसम्पादनको खाल्डा झन् गहिरो छ।

(नोटः यो लेख पूर्ण रूपमा व्यंग्यात्मक छ र मधेश सरकारको कार्यशैली र भ्रष्टाचारको आलोचनात्मक चित्रण गर्न खोजिएको हो )


**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका, जानकी मन्दिरको दक्षिणपट्टी Parking बाट मिति २०८२/४/१४ गते करिब राती ८:०० बजे मधेश प्रदेश ०२-००८ प ९७९२ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCSA16098 चेचिस नम्बर MD2A13EX1SCA81937 को बजाज कम्पनीको Pulser 220 cc ग्लोबल पार्टश सलुसन प्रा.लि.को नाउँमा दर्ता रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः राजिब कुमार गोइत**
**ठेगानाः जनकपुरधाम-४, धनुषा**
**मो. नं. ९८०१६७१७२२**


# शिक्षक साहलाई सम्मानसहित बिदाई

**टुडे समाचारदाता**

रौतहट। रौतहटको कटहरिया नगरपालिका अन्तर्गत वडा ८ बगहीस्थित माध्यमिक विद्यालयका प्रधानाध्यापक सरोज साहलाई दुई वर्षको सफल कार्यकालका लागि वडा अध्यक्ष सहिद मियाले विशेष सम्मान प्रदान गरेका छन्।

निडरता, इमानदारी र कुशल व्यवस्थापन क्षमताका लागि शिक्षक साहले पाएको सम्मान स्थानीय शैक्षिक वातावरणमा प्रेरणाको श्रोत बनेको छ।

प्रधानाध्यापक साहले विद्यालयमा कार्यालय सञ्चालन, प्रशासनिक व्यवस्थापन र आवश्यक स्रोत साधनको परिचालनलाई प्रभावकारी बनाएको भन्दै वडा परिवार बगहीले उनलाई विशेष सम्मानसहित उपहार प्रदान गरेको हो। वडा अध्यक्ष मियाँले उनलाई सम्मान स्वरूप भिभो ४२ ९ (८/२५६न्द्य) मोबाइल फोन, टाइटन ब्रान्डको घडी, दुई जोर लुगा, जुत्ता, मोजा, चप्पल, बेल्ट, रूमाल, डायरी तथा कलम प्रदान गरेका छन्।




स्थानीय स्रोतका अनुसार, प्रधानाध्यापक साहले विद्यालयमा वित्तीय पारदर्शिता, समयपालन, कर्मचारी अनुशासन र विद्यार्थीकेन्द्रित गतिविधिमा विशेष ध्यान दिएका थिए। विद्यालयको कार्यालय जनशक्ति व्यवस्थापनदेखि शैक्षिक सुधारको पक्षमा साहको नेतृत्व उल्लेखनीय रहेको वडाध्यक्ष मियाले बताए। 'विद्यालय सञ्चालनको पक्षमा उहाँको भूमिका उदाहरणीय छ। हाम्रा अन्य संस्थागत संरचनाले पनि यस्ता इमानदार र दूर दृष्टिवान नेतृत्वबाट सिक्न आवश्यक छ,' वडा अध्यक्ष मियाले सम्मान समारोहका क्रममा उल्लेख गरेका थिए।

बगही गाउँ समुदायले पनि प्रधानाध्यापक साहको कार्यशैलीप्रति सन्तुष्टि प्रकट गरेको छ। स्थानीय अभिभावक र विद्यार्थीबीच उनले शिक्षा क्षेत्रलाई प्रति गम्भीरता, जवाफदेहिता र प्रतिबद्धता देखाएका थिए।

विद्यालय व्यवस्थापन समितिका एक सदस्यले भने, "उहाँ आउनुभएपछि विद्यालयमा नयाँ ऊर्जा आएको अनुभव गऱ्यौं। प्रशासनिक सुधार मात्र होइन, विद्यार्थी अनुशासन र पाठ्यक्रम कार्यान्वयनमा पनि राम्रो सुधार भएको छ।"

यो सम्मानले स्थानीय स्तरमा शिक्षाप्रतिको समझदारी, नेतृत्वप्रतिको मूल्यांकन र इमानदार सेवाभावलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।


**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | काममा परिवारको सहयोग प्राप्त हुनेछ। अरुलाई प्रभावित पारेर काम लिन सकिनेछ। |
| वृष : | आफ्नो क्षेत्रको नेतृत्व गर्दै विदेश जाने योग रहेको छ। |
| मिथुन : | आफन्तको सहयोगले महत्वपूर्ण कामको थालनी हुनेछ। |
| कर्कट : | स्वास्थ्यमा सुधार आउनेछ। भेटघाटमा समय बित्नेछ। |
| सिंह : | नयाँ ज्ञान प्राप्त हुने योग रहेको छ। |
| कन्या : | सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ। |
| तुला : | समाजमा मानसम्मान र प्रतिष्ठा कमाउने बेला छ। |
| वृश्चिक : | साथीभाईको सहयोगले महत्वपूर्ण कामहरु सफल हुनेछन्। |
| धनु : | आस मारेको कामले उत्साह जागउनेछ। |
| मकर : | समयमा सहि निर्णय लिन सक्ने क्षमताले अगाडी बढ्न मद्दत पुग्नेछ। |
| कुम्भः | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। |
| मीन : | व्यापार व्यवसायमा प्रशस्त फाइदा हुने योग रहेकोछ। |

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सुक्खा तथा खडेरीको मारमा परेका धनुषाका किसानहरुले जनकपुरधामस्थित कृषि ज्ञान केन्द्रको कार्यालयमा डिप ट्युवेल तथा स्यालो टयुवेल माग गर्नेको भीड। सो कार्यालयले दुई सय ट्युवेल वितरण गर्ने एक हप्ताको सूचना जारी गरेको छ। *तस्बिरः रासस*

# महिला उद्यमशिलताको प्रवर्द्धन गरिनुपर्छः मुख्यमन्त्री सिंह



सिरहा । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले महिलाको आर्थिक र सामाजिक सशक्तिकरणका लागि महिला उद्यमशीलताको प्रवर्द्धन अनिवार्य रहेको बताउनुभएको छ ।

लहानमा विहिबार आयोजित महिला उद्यमी सङ्घ नेपाल, सिरहाको नवगठित कार्यसमिति घोषणा कार्यक्रममा मुख्यमन्त्री सिंहले महिलालाई उद्यमशील बनाइ आर्थिक रूपमा सक्षम बनाउनुपर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री सिंहले महिला-पुरुषबीच समानता कायम गर्न महिला आत्मनिर्भरता आवश्यक भएको उल्लेख गर्दै सक्षम महिलालाई उद्यमशील क्षेत्रमा जोड्नु जरुरी भएको बताउनुभयो ।

"महिलाले उत्पादन गरेका सामग्री गुणस्तरीय बनाएर बजारीकरण र अन्तरराष्ट्रियकरण गर्न सक्नुपर्छ", उहाँले भन्नुभयो, "फर्सीको बीउ उत्पादन, गुन्द्रुक र आँपको अचारजस्ता परम्परागत तर गुणस्तरीय वस्तु विदेश निर्यात गर्न सकिने सम्भावना छ ।"

मुख्यमन्त्री सिंहले साना-साना सामग्री आयात गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्वदेशी उत्पादन र उपभोगमा जोड दिनुपर्ने बताउनुभयो। साथै, महिला उद्यमीलाई आवश्यक तालिम दिएर सीप अभिवृद्धि गरिनुपर्ने र आधुनिक प्रविधिको ज्ञानमार्फत थप लाभ लिन सकिने सम्भावना रहेको उल्लेख गर्नुभयो ।

महिला उद्यमी महासङ्घकी केन्द्रीय अध्यक्ष शोभा ज्ञवालीले 'स्वदेशी खाउँ, स्वदेशी लाउँ, स्वदेशी उद्यमीलाई प्रोत्साहन गरौँ' नारासहित देशका ७७ वटै जिल्लामा महिला उद्यमी सङ्घ गठन भइसकेको जानकारी दिनुभयो । उहाँले महिला उद्यमशिलताको विकासले केवल महिलाको जीवनस्तरमा मात्रै सुधार ल्याउने नभएर परिवार र समाजलाई सकारात्मक दिशामा अघि बढाउने बताउनुभयो ।

लहान नगरप्रमुख महेशप्रसाद चौधरीले महिलाले अब उद्यमबाटै विदेश जाने पुरुषको भन्दा बढी आम्दानी गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो । नगरपालिकाले रोजगारी, तालिम र उद्यममा अवसर दिँदै आएको उल्लेख गर्दै अब प्रत्येक वडामा महिला समिति गठन गरी कार्यक्रमलाई अझ प्रभावकारी बनाइने जानकारी दिनुभयो ।

मधेस प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक उमाप्रसाद चतुर्वेदीले महिलाको आर्थिक सबलीकरणले महिला हिंसा न्यूनीकरणमा भूमिका खेल्ने धारणा राख्नुभयो । मधेसमा महिला प्रहरीको स ्या अपुग रहेको उल्लेख गर्दै उहाँले सबै क्षेत्रले मिलेर महिला सशक्तिकरणमा हातेमालो गर्नुपर्ने बताउनुभयो । सो अवसरमा खुश्बु जैसवालको अध्यक्षतामा ११ सदस्यीय महिला उद्यमी सङ्घ नेपाल, सिरहा गठन गरिएको छ । रासस

# 'तराई-मधेशमा 'डिपवाटर एक्फर आवश्यक छ '

वीरगञ्ज । राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष डा किरण पौडेलले तराई-मधेशमा भूमिगत रुपमा दुई सय ५० मिटर गहिराइमा डिप बोरिङ जडान गरिएमा पर्याप्त मात्रामा पानी उपलब्ध हुने जानकारी दिनुभएको छ ।

ग्रिनसिटि सामुदायिक सेवा केन्द्र वीरगञ्जद्धारा आज यहाँ आयोजित बृहत वृक्षरोपण कार्यक्रममा उहाँले तराई मधेशका जिल्लामा एक सय देखि १५० मिटर गहिराइमा पानीको पर्याप्त स्रोत नभएकाले पनि कम्तिमा पनि दुई सय ५० मिटर गहिराईका ' खालका डिप बोरिङ खन्दा कम्तिमा पनि दुई सय ५० मिटर मुनिबाट बोरिङ खन्ने कामलाई प्रोत्साहन गर्न जरुरी भएको बताउनुभयो ।

"तराई-मधेशमा देखिएको खानेपानी र सिँचाईको संकट रोक्नका लागि सबैले हातेमालो गरेर चुरे संरक्षणमा ध्यान दिन जरुरी भइसकेको छ," उहाँले भन्नुभयो ।

अध्यक्ष पौडेलले तराई-मधेशमा यो वर्ष पानी कम परेर र पानीको उपयोग बढी गरेर पनि यहाँ विगत केही वर्षदेखि पानीको समस्या सिर्जना भएको बताउनुभयो । "हामीले पानीको




डिपवाटर एक्फर' मार्फत बोरिङ गरेमा पर्याप्त मात्रामा भूमिगत पानी निकाल्न सकिने बताउनुभएको हो ।" यहाँ विशेष गरी एक सयदेखि एक सय ५० मिटर बोरिङ गरेर भूमिगत पानी तान्ने गरिएको देखिन्छ । तर,यहाँ जमिनमुनिको एक सय ५० मिटरको गहिराईमा पर्याप्त मात्रामा पानीको भण्डारण रहेको छैन," उहाँले भन्नुभयो," विगत ५० वर्षदेखि दुई सय ५० मिटर गहिराईको भूमिगत पानीको मात्रा जस्ताको तस्तै रहिरहेको छ । तर,हाम्रो छिमेकीमुलुक भारतले दुई सय ५० मिटर गहिराइको पानीको उपयोग गरेपनि नेपालले भने सो सतहको पानीको उपयोग गर्न सकिरहेको छैन । अब हामीले खानेपानी र सिँचाईको लागि कम्तिमा पनि दुई सय ५० मिटर गहिराईको सतहबाटै पानी निकाल्नुपर्ने हुन्छ ।"

समितिका अनुसार दुई सय मिटर सम्मको गहिराईको भूमिगत पानीको सतहलाई 'स्यालो वाटर एक्फर' भन्ने गरिन्छ भने दुई सय ५० मिटरको गहिराईको भूमिगत पानीको सतहलाई 'डिप वाटर एक्फर' भन्ने गरिन्छ ।

अध्यक्ष पौडेलले दुई सय ५० मिटर गहिराईका डिप बोरिङको खर्च तुलनात्मक रुपमा बढी भएपनि यस्ता खालका बोरिङ बढी प्रभावकारी हुने दावी गर्नुभयो । "भूमिगत पानीको सतह छिमेकीमुलुक भारत र नेपालको उस्तै खालको छ । २५० मिटरभन्दा गहिराईको पानी भारतको तर्फबाट प्रयोग भइरहेका छन्," उहाँले भन्नुभयो,",हाम्रो नेपालको तर्फबाट गरेका छैनौ । यद्यपी हामीले थोरै मिटरको गहिराईमा पानी खनेर यहाँ भूमिगत पानी छैन भनिरहेका छौं ।"

अध्यक्ष पौडेलले महानगर लगायतका अन्य निकायले ठूला पुर्नभरणमा जे गर्नुपर्ने हुन्थ्यो । सो पर्याप्त मात्रामा गर्न सकिरहेका छैनौं," उहाँले भन्नुभयो,"हाम्रो मानवीय तर्फबाट र प्रकृति दुवैतर्फबाट समस्या भइरहेको छ ।"

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति,खानेपानी /सिँचाईसँग सम्बन्धित सङ्घ-संस्थाले चुरेक्षेत्रभित्र जुनसुकै बेला परेको पानीलाई भूमिगत रुपमा संरक्षण गर्नका लागि विभिन्न खालका पोखरी तथा तालतलैया बनाउन जरुरी रहेको उहाँले बताउनुभयो । "अहिले चुरे क्षेत्रमा पानी संरक्षण गर्ने निकै कम पोखरी रहेका छन् । ससाना गल्छीहरु बनाउनुपर्‍यो । विभिन्न खालका खहरे खोलाको पनि पानी रोकेर जमिनमुनि पुर्नभरण हुने व्यवस्था गर्न अपरिहार्य भइसकेको छ ।" उहाँले भन्नुभयो ।

समितिका अध्यक्ष पौडेलले सहरी क्षेत्रमा आफ्नो घरवरपर अकाशे पानी पुर्नभरणको लागि आवश्यक संरचना बनाउन पनि जरुरी रहेको बताउनुभयो ।" यहाँका स्थानीय तहले नक्सापास गर्दा अनिवार्य रुपमा अकाशेपानी पुर्नभरण गर्नका लागि आवश्यक संरचना बनाउनुपर्ने खालका दीर्घकालिन नीति पनि अवलम्वन गर्न जरुरी छ," उहाँले भन्नुभयो," यस्ता खालका सकारात्मक कार्यले पनि भविष्यमा पानीको संरक्षणमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ ।" अध्यक्ष पौडेलले पछिल्लो समय वीरगञ्जमा घनावस्ती र जताततै सडक कालोपत्रे भएकाले पनि प्राकृतिक रुपमा पानीको पुर्नभरण हुन नसकिरहेको बताउनुभयो ।" अहिले त अकाशेपानी पनि ढलबाट हुँदै नदीमा बग्दै गइरहेको छ । त्यसैले घरवरपर पानी सोस्ने काम पनि बन्द भइरहेको छ । रासस

# मधेसमा सङ्कटसँगै बढ्यो सुनकोशी मरिणको औचित्य

वीरगञ्ज । मुलुकको अन्न भण्डारको रुपमा परिचित तराई-मधेस अहिले सुक्खाग्रस्तको सङ्कटबाट गुज्रिरहेको छ । पर्याप्त मात्रामा अकासेपानी नपरेपछि यहाँका कतिपय जिल्लामा धानको रोपाइँ हुन सकिरहेका छैनन् ।

रोपाइँ भएका ठाउँमा पनि अत्यधिक चर्को गर्मीले रोपो जोगाउन समेत यहाँका कृषकलाई धौधौ परिरहेको छ । अर्कोतर्फ रोपिएका खेत मनै दुख्ने गरी धाँजा फाटेका दृश्यले कृषकहरुको मन कुँदिदै आइरहेको दृश्य पनि सामाजिक सञ्जालमा यत्रतत्र देखिँदै आइरहेका छन् ।

मधेस प्रदेश कृषि विकास निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत प्रदीपकुमार यादवले अघिल्लो वर्षमा साउनको दोस्रो सातासम्म मधेस प्रदेशमा ८३ प्रतिशतभन्दा धेरै धान रोपाइँ हुने गरे पनि यो वर्ष भने गत शुक्रबारसम्म ५१ प्रतिशत क्षेत्रफलमा मात्रै धान रोपाइँ भएको बताउनुभयो । "अहिले तराई-मधेसमा सुक्खायामका कारणले धान रोपाइँ निकै प्रभावित भइरहेको छ । कतिपय ठाउँमा धानका रोपो सुकेर हेर्नै नसक्ने अवस्थाबाट गुज्रिरहेका छन्," उहाँले भन्नुभयो, "धानको खेत अहिले धाँजा फाटेर रोपो सुकिरहेको दृश्य देखिएको छ । यस्तो खालको सङ्कटले समग्रमा तराई-मधेसमा धान उत्पादनमा समेत ठूलो असर पार्ने देखिन्छ ।"

निर्र्देशनालयका अनुसार मधेस प्रदेशमा आठ जिल्लामा धान रोपाइँ हुने तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये हालसम्म भने ५१ अर्थात् एक लाख ९३ हजार ११६ हेक्टर क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ । निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत यादवले रोपाइँ भएका कतिपय ठाउँका खेत सुकेर धाँजा फाटेको बताउनुभयो । "धान रोपाइँ भइसकेका खेतमा पनि धाँजा फाट्ने क्रम जारी छ," उहाँले भन्नुभयो, "मधेस प्रदेशमा सिँचाइको चर्को अभावले पनि दीर्घकालीन खालको सिँचाइको आवश्यकता देखिएको छ ।"

निर्देशनालयका अनुसार धनुषामा धान रोपाइँ हुने क्षेत्रफलमध्ये ३५ प्रतिशत, महोत्तरीमा ३५ दशमलव १२, सर्लाहीमा ५६, रौतहटमा ६८ र बारा जिल्लामा भने ८० प्रतिशत धान रोपाइँ भएको छ । वरिष्ठ बागवानी विकास अधिकृत यादवले तराई-मधेसका खेतहरु धाँजा फाट्न थालेसँगै मधेश प्रदेशकै लागि लक्षित गरेर निर्माणाधीन सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको अपरिहार्यता र औचित्य झनै बढेको बताउनुहुन्छ । "तराई-मधेशका पाँच जिल्लालाई सिँचाइ गर्ने योजनासहित अघि सारिएको आयोजनाको आवश्यकता झनै बढिरहेको छ," उहाँले भन्नुभयो, "तराई-मधेसका पाँच जिल्लामा देखिएको सिँचाइको समस्यालाई सो आयोजनाले परिपूर्ति गर्ने विश्वास लिएका छौं । तर, अहिलेसम्म पनि सो आयोजना निर्माणको गति भने सुस्त रहेको सुन्नमा आएको छ ।"

बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी पनि तराई-मधेसमा सुक्खाग्रस्त भएसँगै सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको अपरिहार्यता झनै बढेको बताउनुभयो । "तराई-मधेसमा विगत तीन वर्षदेखि वर्षायाममा पनि पर्याप्त अकासेपानी पर्न सकिरहेको छैन," उहाँले भन्नुभयो, "सुनकोशी मरिण डाइभर्सन आयोजना सञ्चालन भएर आएको खण्डमा धेरै हदसम्म सहज र व्यवस्थित हुने थियो ।" प्रजिअ अधिकारीले तराई-मधेसका पाँच जिल्लाको सिँचाइको दीर्घकालीन समाधान गर्ने भएकाले पनि सुनकोशी मरिण आयोजना निर्माणमा ढिलासुस्ती गर्न नहुने बताउनुभयो ।

सरकारले २०७३/७४ सालमा सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामार्फत तराई-मधेसका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारासहितको पाँच जिल्लाको एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुर्‍याउने प्रमुख उद्देश्यसहित आयोजना अघि सारेको थियो । सो आयोजनाअन्तर्गत कमलामाई-२ कुसुमटारदेखि सुनकोशी-७ कानढुङ्गीसम्म १३ दशमलव तीन किलोमिटर सुरुङ तयार पारेर पावर हाउसको टेलरेसबाट निस्केको ६७ हजार प्रतिसेकेन्ड पानी मरिण नदीमा खसाली वाग्मती नदी हुँदै मधेसका पाँच जिल्लामा सिँचाइ सुविधा अघि बढाउनेगरी योजना अघि बढाएको थियो । कृषकका खेत-खेतमा सिँचाइ भने वाग्मती सिँचाइ आयोजनामार्फत अघि बढाइनेछ ।

सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माण र बाँध निर्माणका लागि छुट्टाछुट्टै बोलपत्र आह्वान गरिएको थियो । सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाका निर्देशक बद्री कार्कीले सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध निर्माणको काम निकै सुस्त गतिमा भइरहेको बताउनुभयो । "आयोजनाको सुरुङ निर्माणसम्पन्न भएको पनि १५ महिना बितिसक्यो । तर, बाँध निर्माणको काम भने धिमा गतिमा चलिरहेको छ । निर्माण कम्पनीको ढिलासुस्ती र आलटालका कारणले बाँध निर्माणको कार्यले गति लिन सकिरहेको छैन ।" उहाँले भन्नुभयो, "अहिलेकै गतिको निर्माणले यो आयोजना सम्पन्न गर्न वर्षौं लाग्न सक्छ ।"

आयोजनाको हेडवर्क्स (बाँध)सहितको संरचना निर्माण गर्ने ठेक्का रमण कन्स्ट्रक्सन-पटेल इन्जिनियरिङ लिमिटेड संयुक्त उपक्रम (जेभी) ले पाएको थियो । सो जेभी कम्पनीले भ्याटबाहेक रु १२ अर्ब ५१ करोड ४० लाख ७९ हजार ४३ रकम लागतमा ठेक्का कबोल गरेको थियो । आयोजनाको हेडवर्क्स निर्माणका लागि ११ वटा कम्पनीले प्राविधिक मूल्याङ्कनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतिस्पर्धा गरेका ११ वटा कम्पनीमध्ये नौवटा कम्पनी प्राविधिक मूल्याङ्कनमा छनोट भएका थिए । छनोट भएका नौमध्ये पाँच कम्पनीले मात्रै आर्थिक प्रतिस्पर्धामा सहभागिता जनाएका थिए । तीमध्ये सबैभन्दा कम लागत पेस गर्ने कम्पनी रमण-पटेल जेभी छनोट भएको थियो । रमण-पटेल जेभीले आयोजनाको हेडवर्क्स, मेकानिकल र सिभिल लगायतको संरचना निर्माणका लागि अनुमानित लागतभन्दा ३२ प्रतिशत



कम रकम कबोल गरेर ठेक्का हात पारेको हो । तर, अहिले सोही कामले अपेक्षाकृत काम गर्न नसकेर सिँचाइ आयोजनालाई रुग्ण आयोजना बनाउने प्रयास गर्दै आइरहेको छ । आयोजनाका अनुसार अहिले बाँध निर्माण सुरु भएको ३० महिनाको अवधिमा मुस्किलले १० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ ।

कानढुङ्गीस्थित सुनकोशी नदीमा ३० मिटर उचाइ र १५८ मिटर लम्बाइको बाँध निर्माण गरी सुरुङमार्फत पानी कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ। आयोजना निर्देशक कार्कीले आयोजनाको बाँध निर्माणको काम सन्तोषजनक नभएको जानकारी दिनुभयो । "गत आवको असोज १२ गते आएको बाढीपहिरोपछि आयोजनाको बाँध निर्माणको गति अत्यन्तै सुस्त गतिमा भइरहेको छ", उहाँले भन्नुभयो, "हामीले सरसर्ती हेर्दा निर्माण कम्पनीले पर्याप्त मात्रामा स्रोतसाधनको मुबिलाइजेसन गर्न नसक्दा पनि कामले गति लिन सकिरहेको छैन । निर्माण कम्पनीले अनेक बाहानबाजी गरेर काम गरिरहेको छैन ।"

आयोजना निर्देशक कार्कीले निर्माण कम्पनीले आयोजनासँगको छलफलका क्रममा भने बाढीपहिरोको कारणलेपहुँचमार्गमा क्षति हुँदा पनि काम अघि बढाउन नसकेको बताउने सुनाउनुभयो । "आयोजनाकातर्फबाटयही निर्माण कम्पनीबाट आयोजनाको बाँध निर्माणको काम अपेक्षाकृत ढङ्गले हुन नसकेपछि जलस्रोत तथा सिँचाइ विभाग र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पनि आवश्यक पत्राचार गरिसकेका छौं," उहाँले भन्नुभयो, "जुन काम गर्ने हिउँदेयाममा त काम भएन भने अहिले वर्षायाममा काम हुने कुरै भएन नि !" निर्माण कम्पनीले ठेक्काको परिचालन खर्चबापत एक अर्ब १२ करोड रकम भुक्तानी लिइसकेको छ । निर्माण कम्पनीले निर्माणको ३० महिने अवधिमा आठवटा बिल पेस गरेर थप करिब ९१ करोड रकम भुक्तानी लिएको आयोजना निर्देशक कार्कीले जानकारी दिनुभयो ।

### सुरुङ तयार भइसक्यो, बाँध अनिश्चित !

सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माण र बाँध निर्माणका लागि छुट्टाछुट्टै बोलपत्र आह्वान गरिएको थियो । सो आयोजनाअन्तर्गत कमलामाई-२ कुसुमटारदेखि सुनकोशी-७ कानढुङ्गीसम्म १३ दशमलव ३ किलोमिटर सुरुङ 'टनेल बोरिङ मेसिन' (टिबिएम) प्रयोग गरेर खन्न थालिएको थियो । यो आयोजनाको सुरुङ खन्ने ठेक्का चिनियाँ निर्माण कम्पनी चाइना ओभरसिजसँग सन् २०१९ मे महिनामा ठेक्का सम्झौता भएको थियो ।

सो ठेक्का सम्झौताअनुसार सो ठेक्का सम्झौता अनुसार सन् २०२५ को अगष्ट अर्थात ५२ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । तर, चिनियाँ कम्पनीले सो सुरुङमार्ग तोकिएको समयसीमा भन्दा अगावै अर्थात २०८१ वैशाख २६ गते 'ब्रेक थ्रु' अर्थात सुरुङ खन्ने काम सम्पन्न गरेको थियो । सुरुङ खन्न भने भ्याटबाहेक रु १० अर्ब पाँच करोड ६८ लाख खर्च गरिएको थियो । यो सुरुङमार्ग ५.५ व्यास मिटरमा खनिएको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले सो सुरुङ छिचोल्ने दिन सोही कार्यक्रममा समेत सहभागिता जनाउनु भएको थियो ।

सुरुङ तयार भएको १५ महिना बितिसक्दा पनि आयोजनाको मुख्य काम अर्थात बाँध निर्माणको काम भने अन्यन्त कछुवा गतिमा भइरहेको छ । सरकारले यो आयोजना सम्पन्न गर्नका लागि कुल लागत अनुमान रु ४६ अर्ब १९ करोड ३९ लाख रहेको छ ।

### यस्तो छ आयोजनाको फाइदा


२०७६ माघ ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ फागुन २० गते आयोजनाको शिलान्यास गर्नुभएको थियो । आर्थिक वर्ष २०८४/७५ सम्म आयोजना सम्पन्न गरी मधेश प्रदेशको बागमती सिँचाइ आयोजनाबाट हाल ४५ हजार छ सय हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गइरहेकामा सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको पावर हाउसको टेलरेसबाट निस्केको ६७ हजार प्रति सेकेन्ड पानी मरिण नदीमा खसाली धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाहरुको एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरी सिँचाइ सुविधा पुर्‍याउने प्रमुख उद्देश्य रहेको छ । यो आयोजनाबाट ३१ दशमलव ०७ मेगावाट जलविद्युत् समेत उत्पादन गर्ने लक्ष्य राखिएको छ । रासस

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

शिक्षण शुल्क छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२/०४/१६

काठमाण्डौ विश्वविद्यालय रजिष्ट्रारको कार्यालयको प.सं ३०/१४६४ /२०८१-०८२ को यस मन्त्रालयमा प्राप्त पत्रानुसार उक्त विश्वविद्यालयमा स्नातक तहमा शिक्षण शुल्क छात्रवृत्तिका लागि तोकिएका विषयहरू : BE in Mining Engineering, BE in Chemical Engineering, BE in Environmental Engineering, Bachelor of Health informatics, BSc in Environmental Science, BSc in Agriculture अन्तर्गत प्रत्येक विषयमा १/१ जनाको नाम सिफारिस गरिदिने सम्बन्धी लेखि आएको हुँदा यस प्रदेशमा स्थायी ठेगाना भएका, चालु शैक्षिक वर्ष २०८२ मा कक्षा १२ को विज्ञान विषयको अध्ययन पुरा गरेका/नतिजाको पर्खाईमा रहेका विद्यार्थीहरुले शिक्षण शुल्क छात्रवृत्तिका लागि मिति २०८२ साउन ३० गते कार्यालय समय भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी थप विवरण मन्त्रालयको वेभसाइट www.moesw.madhesh.gov.np र मन्त्रालयको फेसबुक पेजमा राखिएको छ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# भूमि विधेयकमा सरकारी हठ

भूमि सम्बन्धी विधेयकलाई पारित गर्न सरकारले हतार देखाएको छ । प्रतिनिधि सभामा भूमि सम्बन्धी विधेयक कार्यसूचीबाट समितिमा पठाइएको छ । तर समितिबाट पनि सरकारले भूमि सम्बन्धी विधेयकलाई सक्दो चाँडो प्रतिनिधि सभाबाट पारित गर्न चाहेको छ । भूमि सम्बन्धी विधेयकको पक्षमा सत्ता गठबन्धनमा रहेको नेपाली कांग्रेसका महामन्त्रीहरु लगायत कयौं सांसद देखिएका छैनन् । एमालेका सांसदहरुले समेत विधेयकमा संशोधन प्रस्ताव दर्ता गराएका छन् । अन्य दलहरुबाट समेत त्यसमा संशोधन प्रस्तावहरु दर्ता गराएका छन् । सबै भन्दा बढी संशोधन प्रस्ताव जनता समाजवादी पार्टी( जसपा) नेपालले दर्ता गरेको छ । भूमि सम्बन्धी विधेयकको विरोधमा नेकपा माओवादी केन्द्र, नेकपा एस, राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) लगायतका विपक्षी दलहरु रहेका छन् । प्रतिनिधि सभाबाट भूमि सम्बन्धी विधेयक पारित भएपनि राष्ट्रिय सभामा त्यो पास हुने सम्भावना अत्यन्त कमजोर छ । राष्ट्रिय सभामा सरकारसित बहुमत छैन । राष्ट्रिय सभाको अध्यक्ष पनि सरकारलाई सहयोग गर्ने छैन । भूमि सम्बन्धी विधेयकलाई सरकारले अध्यादेश मार्फत पनि ल्याउन खोजेका थिए । तर जसपा नेपालको कारण त्यो सफल हुन सकेन ।भूमि सम्बन्धी विधेयक पास भए त्यसले तराई मधेशमा पानीको समस्या झन् बढाउने छ। वन जंगल, नदी उकास, ऐलानी पर्ति, पोखरीको डिल, सार्वजनिक सरकारी जग्गाहरुमा बस्ती बसाइनेछ । हिमाल, पहाडबाट भारी संख्यामा तराई मधेशमा बसाई सराई हुनेछ । भू-माफियाहरुको सक्रियता अत्यधिक बढ्नेछ । सरकारी जग्गाहरुमा समेत भू-माफियाहरुले बस्ती बसाउने छ । चुरे क्षेत्रको समुल विनास हुनेछ । वातावरणको सन्तुलन बिग्रनेछ । तराई मधेशमा हालको भन्दा झन् ठूलो जलसंकट उत्पन्न हुनेछ । सरकारले देशमा हुने समस्यालाई प्राथमिकतामा राखेर भूमि सम्बन्धी विधेयकलाई संशोधन गरी वातावरणमैत्री हुने, सरकारी, ऐलानी जग्गाको संरक्षण गरिने, वनजंगलको जग्गामा बसोबास गर्न नपाइने बनाउनु पर्ने हो । तर सरकारले सहयोगी दल नेपाली कांग्रेसको भावनालाई समेत उपेक्षा गर्दै भूमि सम्बन्धी विधेयक पापस गर्ने हठ गरेको छ। भूमि सम्बन्धी विधेयकलाई फिर्ता नलिए जनविद्रोह गर्ने चेतावनी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले दिएका छन् । मानव सिर्जित समस्याले प्रकृति प्रतिकुल भएर तराई मधेशमा पिउने पानीको समेत संकट भएको छ । फेरि सरकारले भूमि सम्बन्धी कानुन नै बनाएर प्राकृतिक विनास गर्ने मार्गमा अग्रसर भइरहेको छ। यसले समग्र देशलाई भारी क्षति पुग्ने छ। सरकारले विधेयक फिर्ता लिएर देश र मधेशको हित हुने गरी संशोधन गर्नु पर्छ । सरकारले हठ गर्न हुँदैन ।भूमि समबन्धी विधेयकलाई प्रयाप्त समय दिएर दल र सांसदहरुको सुझाव समेतलाई समेटेर पारित गर्नु उपयुक्त हुनेछ ।

# “नेपाली सन्दर्भमा बौद्धिक अभिव्यक्तिबाट बुद्धिजीवी”



पंकज यादव

नेपालको राजनीतिक र सामाजिक इतिहासमा “बुद्धिजीवी” र “बौद्धिक” भन्ने शब्दहरू बारम्बार प्रयोग भए तापनि, ती दुईबीचको अर्थ  उपयोग र सामाजिक कार्यक्षेत्रमा गहिरो भिन्नता छ। यी शब्दहरू कहिले समनार्थक रूपमा बुझिन्छन् त कहिले एकअर्काको विरोधाभासका रूपमा प्रस्तुत गरिन्छन्। खासगरी जब प्रधानमन्त्री जस्तो संवैधानिक पदमा बसेका व्यक्तिबाट ‘बुद्धिजीवी’ माथि व्यंग्यात्मक टिप्पणी आउँछ तब यसले समाजमा बुद्धिजीवीको भूमिका र दायित्वमाथि गहिरो बहसको खाँचो देखाउँछ। के बुद्धिजीवी सधैं सत्ता पक्षमा हुन्छन्? के बौद्धिक हुन सधैं सत्ताविरोधी हुनुपर्छ? यस्तो बहस अहिलेको नेपालजस्तो संक्रमणशील समाजमा अत्यन्त आवश्यक छ।

नेपालको ऐतिहासिक कालक्रम हेर्ने हो भने, बुद्धिजीवी सधैं सत्ता संरचनासँग जोडिएको देखिन्छ। राणा शासनको समयमा संस्कृतका पण्डित, पुरोहित र प्रशासनिक कर्मचारीहरू नै ज्ञानको प्रतिनिधि मानिन्थे। उनीहरू शासनका नीतिहरूको समर्थन गर्थे तथा जनतासँगको दूरी प्रस्ट देखिन्थ्यो। जसले सत्ता विरुद्ध केही फरक सोच्यो उसलाई विरोधी ठानिन्थ्यो। आलोचना गर्नेलाई कठोर सजाय दिइन्थ्यो। पञ्चायती युगमा यो स्थिति झन् गहिरियो। बुद्धिजीवीहरूलाई शासनको यन्त्रभित्र भित्र्याउने रणनीति बनाइयो जसले गर्दा उनीहरू स्वतन्त्र भएर सोच्न वा बोल्न सक्दैनथे। बुद्धिजीवीहरू सत्ताको प्रचारक बने राष्ट्रवादको जश गाउने पात्र बने। राज्यद्वारा प्रदान गरिने पद सम्मान र भत्ता प्राप्त गर्नका लागि बुद्धिजीवीहरू एकअर्कासँग प्रतिस्पर्धा गर्न थाले।

तर यति मात्रै बौद्धिकताको अर्थ नहुन सक्छ। विद्रोही चेत बोकेको सत्ताबाट स्वतन्त्र रहेर समाज परिवर्तनको पक्षमा आवाज उठाउने र आमजनताको पक्षमा उभिने पात्र नै हो बौद्धिक। फ्रान्सको ड्रेफस काण्डपछि “क्ष्लतभर्भिअतगबो” शब्दको प्रयोग यिनै विशेषताहरूका लागि गरिन थालिएको हो। जब एक यहूदी सेनाधिकारीमाथि झूटा आरोपमा कारबाही भयो लेखक इमिल जोलाले सत्ता विरोधी लेख लेख्दै न्यायको पक्षमा आवाज उठाए। यो विद्रोही चेतना नै “बौद्धिक” को जग हो। बौद्धिक समाजप्रति प्रतिबद्ध हुन्छ सत्ताप्रति होइन। ऊ जनताको पीडालाई आवाज दिन्छ अन्यायका विरुद्ध उभिन्छ सत्ता संरचनाको आलोचना गर्छ।

नेपालमा कमलप्रकाश मल्ल, देवेन्द्रराज पाण्डे, महेशचन्द्र रेग्मी जस्ता विद्वान्हरूले सत्ता र समाजबीचको द्वन्द्व, इतिहास र विकासको राजनीति विषयमा गहिरो अध्ययन गरे। उनीहरूको लेखनले नेपाली समाजको सामन्तीय, पितृसत्तात्मक र असमान संरचनालाई प्रश्न गरे। तर उनीहरूको लेखन प्रायः अंग्रेजीमा सीमित रह्यो, जसले गर्दा जनसाधारणसम्म पुग्न सकेन। जब ज्ञान जनताको भाषा र समझमा नझर्छ, त्यो ज्ञान प्रभावकारी हुँदैन। विद्रोहको चेत बोकेका यस्ता बौद्धिकहरू महत्वपूर्ण भए पनि समाजमा गहिरो प्रभाव छाड्न असफल भए।

तर नेपाली समाजमा बौद्धिक विद्रोह पनि सधैं निष्क्रिय रहेन। योगमाया, फाल्गुनन्द, शुक्रराज शास्त्री, रघुनाथ ठाकुरजस्ता पात्रहरूले परम्परागत सत्ताको संरचना र सामाजिक विभेदविरुद्ध आन्दोलन गरे। उनीहरूले महिला अधिकार, जातीय विभेद, धार्मिक रूढिवाद र शासन प्रणालीमाथि प्रश्न उठाए। योगमायाले अरूण नदीमा आत्मसमर्पण गरेर सत्ता र समाजलाई गहिरो चुनौती दिइन्। फाल्गुनन्दले लिम्बुवानमा भाषिक र सांस्कृतिक जागरण ल्याए। यी सबै विद्रोह बौद्धिक चेतनाका अभिव्यक्ति थिए जसले समाजलाई झक्झक्यायो।

पञ्चायत कालमा भने स्वतन्त्र बौद्धिकता कुण्ठित भयो। सत्ताले राष्ट्रवादको नाममा एकल भाष्य निर्माण गऱ्यो जसमा बुद्धिजीवीहरूले सहभागी हुनैपर्ने अवस्था बनाइयो। आलोचना गर्नेहरूलाई जनताको दुःख, असमानता, उत्पीडन र संकटलाई बुझेर त्यसको पक्षमा प्रश्न उठाउन सक्नुपर्छ। उसले विद्यमान सत्ता, भाषा, जात, धर्म, लिंग आदिमा गहिरो हस्तक्षेप गर्नुपर्छ। ऊ केवल विद्वान् होइन अभियन्ता पनि हुनुपर्छ। अमेरिकी लेखक टुन्डे अदिलेकेले भनेझैं बौद्धिकले प्राज्ञिक भाषा मात्र होइन जनभाषामा पनि धारणा बनाउनु पर्छ। जनतालाई बुझेको उनीहरूलाई सम्बोधन गर्न सक्ने उनीहरूको संस्कृतिमा आधारित भाषाशैली अपनाउन सक्ने क्षमतावान् बौद्धिक नै समाजपरिवर्तनको वाहक हुन्छ।

आजको नेपालको वास्तविकता हेर्दा बुद्धिजीवीहरू सरकारी नियुक्ति, राजकीय पुरस्कार, दलको सल्लाहकार पदको आकांक्षामा रहेका छन्। उनीहरू प्राध्यापक भए तापनि विश्वविद्यालयको कक्षाभन्दा बढी मन्त्रीको कार्यकक्षमा देखिन्छन्। समाजशास्त्रीहरू समाज भन्दा विदेशी दूतावासको स्वतन्त्रताको ठाउँ राजनीतिक वफादारीले लियो। जब बौद्धिकता राजनीतिक अधीनमा जान्छ त्यो स्वतन्त्र हुँदैन। विचार निर्माण भन्दा राजनीतिक प्रचारमा सीमित हुन्छ।

नेपालजस्ता बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा बौद्धिकताको कार्यक्षेत्र अझै फराकिलो छ। सीमान्तकृत समुदायहरूको इतिहास, भाषा, संस्कृति र ज्ञान परम्परालाई अनुसन्धानद्वारा उजागर गर्नु र त्यसलाई वर्तमान सन्दर्भमा पुनःप्रयोग गर्नु अहिलेको आवश्यकता हो। लिम्बू, थारु, तामाङ, मगर जस्ता समुदायहरूमा मौलिक बौद्धिकता छ फेदाङ्मा, साम्बा, ताम्बा, गाम्बाजस्ता पात्रहरू जस्ता परम्परागत बौद्धिकहरू। ती ज्ञान संरचना आधुनिक बौद्धिकतासँग जोडिएर ठूलो परिवर्तनको माध्यम बन्न सक्छन् यदि तिनको वैज्ञानिक पुनरावलोकन गरियो भने। नेपालमा बौद्धिक हुने सम्भावना सधैं



विपक्षी घोषित गरियो तटस्थ रहनेहरूलाई किनारा लगाइयो। धेरै बुद्धिजीवीहरू सत्ता अनुकूल भएर पुरस्कार, पद र सम्मान पाउने दौडमा लागे। यिनीहरूले सत्ताको ‘विकास’, ‘राष्ट्र’, ‘संस्कृति’ भन्ने नारालाई बौद्धिक भाषा र तर्कद्वारा समर्थन गरे। केहीले विम्बवाद वा तटस्थता रोजे तर समाजप्रति उत्तरदायी रहेनन्। वामपन्थी र प्रगतिशील भनिएका कतिपय लेखक र प्राज्ञिकहरू पनि पञ्चायती सत्ताको वरिपरि घुमे।

०४६ सालपछिको कालखण्डमा बौद्धिक स्वतन्त्रताको अपेक्षा गरिए तापनि, विदेशी सहयोग नियोगहरू, आईएनजीओ, एनजीओहरूले बुद्धिजीवीहरूको एउटा पृथक संसार निर्माण गरिदिए। सेमिनार, गोष्ठी, परियोजना, कन्सल्टेन्सी, अनुसन्धान जस्ता नाममा सैकडौं बौद्धिक शक्ति उनै निकायभित्र सीमित रहे। ती बुद्धिजीवीहरू समाजमा चेतना फैलाउनेभन्दा पनि रिपोर्ट लेख्ने, सिफारिस दिने, नीतिगत सुझाव बनाउने सीमित कार्यमा समेटिए। उनीहरू जनतासँग टाढा भए सत्तासँग नजिकिए। ज्ञान जनमुखी हुन छोड्यो र सत्तामुखी बन्यो। बौद्धिकता केवल किताबमा सीमित विषय होइन। बौद्धिक सामाजिक परिवर्तनको कारक हो। बौद्धिकले कार्यक्रममा केन्द्रित छन्। लेखकहरू जनजीवनको संघर्षभन्दा बढी पुरस्कार समितिको सदस्यता वा प्रज्ञा प्रतिष्ठानको नियुक्तिमा व्यस्त छन्। कविहरू कविताको शक्तिभन्दा पनि पार्टी नेताको सिफारिसमा विश्वास गर्छन्। यस्तो अवस्थामा बौद्धिकता अपांग बन्छ निष्प्रभावी बन्छ।

बौद्धिक बन्नु सजिलो छैन। त्यसका लागि जोखिम उठाउनुपर्छ आलोचना सहन सक्नुपर्छ। बौद्धिकले सत्ता वा शक्ति केन्द्रमा लम्पसार हुने होइन बरु त्यसबाट टाढा उभिएर वस्तुगत सत्यको खोजी गर्नुपर्छ। एडवार्ड सइदले बौद्धिकलाई ‘एमेच्योर’ भनेका छन् जो प्रतिष्ठाको लोभ गर्दैन पुरस्कारको पछि लाग्दैन, सत्ता अनुकूल भाषा प्रयोग गर्दैन। बौद्धिक एक स्वतन्त्र आवाज हो जो समय र सन्दर्भअनुसार विचार उत्पन्न गर्छ विद्रोहको चेत फैलाउँछ र समाजलाई नयाँ बाटो देखाउँछ। नेपालको विगतका केही बौद्धिक प्रयासहरू जस्तै नेपालभाषा आन्दोलन, मधेस आन्दोलन, महिला अधिकार आन्दोलन जस्ता अभियानहरू बौद्धिक चेतनाको अभिव्यक्ति थिए। तर ती पनि संस्थागत स्थायी र विद्रोही बौद्धिक संस्थाहरूको रूपमा विकसित हुन सकेनन्। उनीहरू प्रायः राजनीतिक आन्दोलनसँग जोडिए बौद्धिक रहन्छ। त्यो सम्भावना तब मात्र साकार हुन्छ जब समाजसँग जोडिएको उत्पीडित जनसमुदायको पक्षमा उभिएको विद्रोही चेतनाले भरिएको बौद्धिक शक्ति निर्माण हुन्छ। बौद्धिक व्यक्ति केवल रूष्ट बुद्धिजीवी होइन, बरु जनताको दबिएको चेतनालाई उजागर गर्ने पात्र हो। बौद्धिक व्यक्ति विद्रोहको आवाज हो परिवर्तनको सूत्रधार हो।

सत्ता र ज्ञानबीचको सम्बन्ध जहिल्यै संवेदनशील हुन्छ। सत्ता सत्यको आफ्नै भाष्य बनाउँछ, र त्यसको प्रचारमा बुद्धिजीवीहरू प्रयोग हुन्छन्। तर वस्तुगत सत्यको खोजी सधैं सत्ता बाहिर उभिने बौद्धिकले गर्न सक्छ। बौद्धिकले समाजका विविध आवाजहरूलाई समेटेर, बहस, विमर्श र नयाँ ज्ञान निर्माणको प्रक्रिया अघि बढाउँछ। उसले लुकाइएका दस्तावेज खोज्छ भुलिएका इतिहास उजागर गर्छ बिस्मृत गरिएका आवाजहरूलाई केन्द्रमा ल्याउँछ। बौद्धिक बन्नु जोखिमपूर्ण छ तर समाजको लागि यही भूमिका अपरिहार्य छ।

यो देशका लागि ‘शिक्षा प्राप्त बुद्धिजीवी’ होइन समाजसँग गाँसिएको साहसी विद्रोही ‘बौद्धिक’ आवश्यक छ जो सत्य बोल्छ जनताको पक्षमा उभिन्छ र परिवर्तनको चेतना फैलाउँछ।

# जनक सरोवरः हाम्रो मुटुमा बिझेको काँडा, हाम्रो पहिचानमाथि प्रहार !



प्रफुल्ल घिमिरे

मिथिलाको माटो, जहाँ कण-कणमा इतिहास र आस्थाका सुगन्धित फूलहरू फुल्छन्, त्यही पवित्र भूमिमा अवस्थित एउटा यस्तो घाउ छ, जसले हाम्रो सामूहिक चेतनामा गहिरो पीडा दिइरहेको छ। त्यो हो- जनक सरोवरको लोप हुँदै गएको अस्तित्व ! यो केवल एउटा पोखरीको कथा होइन, यो हाम्रो सभ्यता, हाम्रो धर्म, हाम्रो पहिचान र हाम्रा पुर्खाहरूको विरासतमाथि भएको निर्मम प्रहारको कहालीलाग्दो गाथा हो।

**किन हो जनक सरोवर हाम्रो प्राण ?**

जनकपुरधामको नाम राजा जनकबाट आएको हो, र यसै राजा जनकको नाममा रहेको जनक सरोवर हाम्रो सांस्कृतिक मुटु हो। यो केवल माटो र पानीको गहिरो खाल्डो मात्र होइन। यो त श्री बृहद विष्णु पुराणोक्त श्री मिथिला माहात्म्य मा महर्षि पराशरले वर्णन गरेको मोक्षभूमि हो। जहाँका हरेक थोपा जलमा राजा धर्मदत्तको पाप पखालिएको कथा गुन्जिन्छ, जहाँको दर्शनले ब्रह्महत्याजस्ता महापाप पनि नाश हुन्छन् भन्ने अटल विश्वास छ।


हाम्रा पुर्खाले युगौंदेखि यसलाई पवित्र तीर्थ माने। देश-विदेशबाट आउने श्रद्धालु भक्तजनहरू जनक सरोवरको जल स्पर्श र जल ग्रहण गर्न लालायित हुन्थे। यो पोखरीले हाम्रो सभ्यतालाई सिंचेको छ, हाम्रो आस्थालाई बलियो बनाएको छ। यसले हामीलाई धार्मिक मात्र होइन, पर्यावरणीय रूपमा पनि समृद्ध बनाएको थियो। यसको हरियाली, यसको शीतलताले जनकपुरको शोभा बढाएको थियो।


**कसरी लुकाइयो हाम्रो इतिहासलाई डबराको नाममा ?**

विडम्बना, जुन पोखरीको अस्तित्वलाई २०२६ र २०४३/०४४ सालको सर्वे नापीले समेत स्पष्ट चिनाएको थियो, जसको संरक्षणका लागि २०४४ सालमै तत्कालीन जनकपुरधाम नगर पञ्चायतका प्रधान अधिकृत हरिबहादुर विसीले नापी कार्यालयलाई पत्र लेखेर जनक सरोवरकै नाममा जग्गा दर्ता गर्न अनुरोध गरेका थिए, त्यही पवित्र सरोवर आज व्यक्तिको निजी सम्पत्ति बनेको छ।

सोच्नुहोस् त, एउटा सरकारी निकायले ’यसको आफ्नै महत्त्व छ, यसका डिलहरू व्यक्तिले मिच्दा भविष्यमा अस्तित्व नै लोप हुने सम्भावना छ’ भन्दै संरक्षणका लागि लिखित पहल गरेको थियो। नापी कार्यालयले पनि ’प्राविधिक कर्मचारी खटाएर चारकिल्ला यकिन गरेपछि नाप नक्सा गर्न सकिनेछ’ भनेर सकारात्मक जवाफ दिएको थियो। तर, ती सबै प्रयास र आग्रहलाई कुल्चिएर यो सरोवर आज ’पोखरी डबरा’ को नाममा कसरी निजीकरण गरियो ?

यो कुनै साधारण घटना होइन। यो त एउटा सोची-सम्झी गरिएको महाजालसाजी हो। जानकी मन्दिर गुठी संस्थानको अधीनमा रहेको यस सरलाई मृत महन्त रामशरण दास वैष्णवको नाममा किर्ते कबुलियतनामा बनाइयो। २०५३ साल असारमा महन्तको मृत्यु भएपछि पनि २०२५ सालको मितिमा किर्ते हस्ताक्षर गरी नक्कली मनखप कबुलियतनामा तयार पारियो। ५१ रुपैयाँको सामान्य ठेक्कामा ३ कट्ठा १२ धुर जग्गालाई ’डबरा’ भन्दै व्यक्ति विशेषलाई भोगचलन गर्न दिइयो। झन् लाजमर्दो कुरा, महन्त


श्री ५ को सरकार
भूमि सुधार तथा व्यवस्था मंत्रालय
नापी विभाग
जनकपुर शहरी क्षेत्र नापी क्याम्प
धनुषा



रामशरण दासको मृत्युपछि पनि उनका चेला राम तपेश्वर दास वैष्णवले २०५६ सालमा पुरानै मितिको नाममा रसिद काटेर यो जालसाजीलाई निरन्तरता दिए।

यी सबै किर्ते कागजातका आधारमा, र सम्बन्धित निकायमा ’प्रभाव र दबाब’ को प्रयोग गरेर, यहाँसम्म कि न्यायपालिकाबाट समेत व्यक्ति विशेषको पक्षमा फैसला गराई गुठी संस्थानको सिफारिसमा मालपोत कार्यालयले ’रैतानी नम्बरी’ गरेर प्रमाण पुर्जा बनाइदिएको छ। यो कस्तो न्याय हो, जहाँ हाम्रो पवित्र इतिहास र धार्मिक आस्थामाथि किर्ते जालसाजीको लेदो पोतिन्छ ?

**कहिले जाग्ने हामी ? यो प्रश्न हामी आफैंलाई सोधौं !**

कसरी सह्यौं हामीले यो लज्जास्पद खेल ? धार्मिक नगरीका रूपमा चिनिने जनकपुरधामको प्राण मानिने जनक सरोवरलाई किर्ते कागजको आधारमा लुप्त हुन दिँदा पनि हामी किन मौन छौं ? किर्ते कागजातमा खप्पिस जानकी मन्दिरका सञ्चालकहरूको भूमिका छर्लङ्ग हुँदा पनि किन कारबाही हुँदैन ?

आज जनक सरोवर डबरामै सीमित भएर व्यक्ति विशेषको कब्जामा छ। जहाँ हाम्रो इतिहासको धड्कन थियो, जहाँ हाम्रा पुर्खाहरूले मोक्षको कामना गरेका थिए, त्यहीं आज कसैको निजी स्वार्थले राज गरेको छाके हामीले हाम्रो विरासतलाई यसरी नै गुमाउँदै जाने हो ? के हामीले भावी पुस्तालाई बताउन लायक एउटा पवित्र तीर्थ पनि बाँकी नराख्ने हो ? यो प्रश्न हाम्रो अन्तस्करणमा बिझेको छ।

**अब चुप लागेर बस्ने बेला छैन !**


आफ्नो आवाज बुलन्द गरौंः जनक सरोवरको संरक्षणका लागि जनस्तरबाटै सशक्त आवाज उठाउनुपर्छ। सामाजिक सञ्जाल, स्थानीय भेला, सञ्चार माध्यममार्फत यो कुरा हरेक घर-घरमा पुर्याउनुपर्छ।
दोषीलाई कारबाहीको माग गरौंः किर्ते कागजात बनाउने र त्यसलाई वैधानिकता दिने हरेक व्यक्ति तथा निकायलाई कानुनी दायरामा ल्याउन जोडदार माग गरौं।

कानुनी लडाइँलाई साथ दिउँः यस विषयमा कानुनी रूपमा संघर्ष गरिरहेका वा गर्न चाहने हरेक पक्षलाई नैतिक र भौतिक साथ दिउँ।सरकारी निकायलाई झकझकाउँः स्थानीय सरकार, प्रदेश सरकार, गुठी संस्थान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायालयलाई आफ्नो जिम्मेवारी बोध गराउँदै तत्काल जनक सरोवरको जग्गा फिर्ता गर्न र यसको संरक्षण गर्न दबाब दिउँ।

जनक सरोवर केवल एक पोखरी होइन, यो हाम्रो आस्थाको प्रतीक हो, हाम्रो पहिचानको आधार हो। यसलाई गुमाउनु भनेको हामी आफैंलाई गुमाउनु हो। आउनुहोस्, एकजुट होऔं र हाम्रो पवित्र जनक सरोवरलाई बचाऔं। यसलाई डबराबाट पुनः पौराणिक तीर्थस्थलको रूपमा स्थापित गरौं ।

यो हाम्रो साझा जिम्मेवारी हो, हाम्रो गौरवलाई फर्काउने यो हाम्रो अन्तिम मौका हो !

# निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माण र सञ्चालनको 'मोडालिटी' टुङ्ग्याइने




काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले राष्ट्रिय गौरवको निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माण र सञ्चालनको 'मोडालिटी' टुङ्ग्याइने बताउनुभएको छ । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको विहिबारको बैठकमा उहाँले उक्त विमानस्थल निर्माणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"निजगढ राष्ट्रिय गौरवको आयोजना त हो तर अहिले पनि अन्योल नै छ, यसपटकको बजेट भाषणमा यसको निर्माण र सञ्चालनको मोडोलिटी टुङ्ग्याउने भनेका छौँ, यो काम हामी तदारुकताका साथ अघि बढाउँछौँ", उहाँले भन्नुभयो ।

पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल हवाई रुटभन्दा पनि यात्रु अभावका कारण पूर्ण क्षमतामा सञ्चालनमा आउन नसकेको स्वीकार गर्दै मन्त्री पाण्डेले ती विमानस्थलमा यात्रु सङ्ख्या वृद्धिका लागि विभिन्न योजना अघि बढाइएको स्पष्ट पार्नुभयो । "कतिपय हवाई सेवा प्रदायक कम्पनीले यात्रुको सङ्ख्या नहुँदा करोडौँ घाटा भइरहेको जनाएका छन्", उहाँले भन्नुभयो, "यात्रु सङ्ख्या बढाउन श्रम स्वीकृति, मेनपावर कम्पनी, स्वास्थ्य परीक्षणलगायत सुविधा सो क्षेत्रमा पुऱ्याउनुपर्छ ।"

नेपाल एयरलाइन्सको छवटा विमान सञ्चालनमा रहेको जानकारी दिँदै मन्त्री पाण्डेले आगामी दिनमा सञ्चालनमा व्यवधान नहुनेगरी काम गर्न निर्देशन दिइएको बताउनुभयो । प्रदेश सरकारसँगको सहकार्यमा पहाडी जिल्लामा साना जहाज चलाउने तयारी भइरहेको उहाँको भनाइ छ ।

आगामी दशकलाई पर्यटन प्राथमिकता दशक घोषणा गर्ने तयारी गरिएको जानकारी दिँदै मन्त्री पाण्डेले सङ्घीय मन्त्रालय र निकाय, तीनै तहका सरकार निजी क्षेत्रलाईसँगै राखेर पर्यटन संवाद कार्यक्रम गरिएको बताउनुभयो । नीतिगत तथा कानुनी सुधारलाई आफूले प्राथमिकता दिएको उल्लेख गर्दै उहाँले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न विभिन्न योजना अघि सारिएको बताउनुभयो । पर्यटन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले भैरहवा र पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानको प्रयास भइरहेको जानकारी दिनुभयो ।

छलफलमा सांसदहरुले निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माण र सञ्चालनको मोडालिटी टुङ्गो लगाउन, पोखरा र भैरहवा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानको योजना बनाउन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणले योजना बनाउनुपर्ने, राष्ट्रिय गौरवको आयोजनाको मापदण्ड बनाउन सुझाव दिनुभयो ।रासस

> "निजगढ राष्ट्रिय गौरवको आयोजना त हो तर अहिले पनि अन्योल नै छ, यसपटकको बजेट भाषणमा यसको निर्माण र सञ्चालनको मोडोलिटी टुङ्ग्याउने भनेका छौँ, यो काम हामी तदारुकताका साथ अघि बढाउँछौँ",

# राजमार्ग पुनःस्थापना गर्न जापान सरकारको अनुदान स्वीकार गर्ने



काठमाण्डु । सरकारले बाढीबाट क्षतिग्रस्त सिन्धुली सडकको आपत्कालीन पुनःस्थापनाका लागि जापान सरकारबाट प्राप्त हुने २.८ अर्ब जापानी येन बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को यही साउन १२ गतेको बैठकले गरेको निर्णय विहिबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै सञ्चार तथा सूचनाप्रविधि पृथ्वीसुब्बा गुरुङले सो जानकारी गराउनुभएको हो ।

त्यसैगरी सरकारले रानी जमरा कुलरिया सिँचाइ आयोजना तेस्रो चरणका लागि विश्व बैङ्क समूहको अन्तरराष्ट्रिय विकास संस्थाबाट प्राप्त करिब रु १८ अर्ब ९२ करोड बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

विद्युत् वितरण प्रणाली स्तरोन्नति तथा सुदृढीकरण आयोजनाका लागि विश्व बैङ्क समूहको अन्तरराष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने ८६.७ मिलियन अमेरिकी डलर बराबरको 'सर्टर म्याचुरिटी लोन' तथा ३३.३ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण गरी जम्मा १२० मिलियन अमेरिकी डलर अर्थात करिब रु १६ अर्ब ७४ करोड बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय पनि गरेको छ । 'पावर डिस्ट्रब्युसन स्ट्रेन्थनिङ प्रोग्राम' (पिओएसआइएसपी) का लागि जर्मन सरकारले प्रदान गर्ने २० मिलियन युरो बराबरको अनुदान सहायता पनि स्वीकार गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

साथै, मन्त्री गुरुङले राज्यकोषबाट लगानी भएका प्रतिष्ठान बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारी र कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्नेसम्बन्धमा सुझावसहितको प्रतिवेदन पेस गर्न रामुप्रसाद डोटेल (पर्वत) को संयोजकत्वमा रमेशप्रसाद सिवाकोटी (दोलखा) र चण्डीप्रसाद घिमिरे (ललितपुर) सदस्य रहनेगरी कार्यदल गठन गर्ने निर्णय सरकारले गरेको बताउनुभयो ।

त्यसैगरी, नेपाल-भारत पारवहन सन्धि, २०२३ को 'प्रोटोकल'मा संशोधन गर्नेसम्बन्धी 'लेटर अफ एक्सचेन्ज' स्वीकृत गर्ने र उक्त एलओईमा नेपाल सरकारका तर्फबाट हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ । आगामी भदौ २३ देखि २५ गतेसम्म पेरिसमा आयोजना हुने 'नेस्नल फोरम अन पम्पड स्टोरेज हाइड्रोपावर' कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई सहभागी हुन स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय छ ।

आगामी भदौ २ देखि १३ गतेसम्म संयुक्त राष्ट्रसङ्घको मुख्यालय, न्युयोर्कमा आयोजना हुने मेरिन बायोडाइभरसिटी अफ एरियाज वियोन्ड नेस्नल जुरि स्डिक्सन (विविएनजे) प्रिपरेटरी कमिसनको दोस्रो सत्रको बैठकमा नेपालका तर्फबाट सहभागिता जनाउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानालाई स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

न्याय सेवा आयोगको सिफारिसअनुसार सर्वोच्च अदालतका सहरजिस्ट्रार मानबहादुर कार्कीलाई न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा नियुक्त गरी सर्वोच्च अदालतको रजिस्ट्रार पदमा पदस्थापन गर्ने, न्याय सेवा आयोगको सिफारिसअनुसार सर्वोच्च अदालतका रजिस्ट्रार विमल पौडेललाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार पदमा बढुवा नियुक्त गर्ने निर्णय सरकारले गरेको उल्लेख छ ।

साथै, यही साउन १३ देखि १५ गतेसम्म थाइल्यान्डको बैङ्ककमा आयोजना 'केयर फर साउथ एसिया प्रोजेक्ट कम्प्लेसन एन्ड डिसिमिनेसन वर्कसप'मा गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरिएको सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले जानकारी गराउनुभयो । त्यसैगरी साउन १८ देखि २३ गतेसम्म 'थर्ड युनाइटेड नेसन्स कन्फ्रेन्स अन ल्यान्डलक डेभलपिङ कन्ट्रिज' (एलएलडिसिथर्ड) मा सहभागी हुन प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा तुर्कमेनिस्तानको औपचारिक भ्रमणमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र उक्त भ्रमण स्वीकृत गर्ने निर्णय गरेको छ ।

नेपाल इन्जिनियरिङ परिषद्को रजिष्ट्रार पदमा श्री ध्रुवराज भट्टराई, (तनहुँ) लाई नियुक्त गर्ने, राष्ट्रिय युवासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गर्ने, नेपाली सेनातर्फ एकजना सहायक रथीको उपरथी पदमा र छ जना प्रमुख सेनानीको महासेनानी पदमा बढुवा गर्ने, साथै, छ जना महासेनानीको सरुवा गर्ने सरकारले निर्णय गरेको छ ।

कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा अवस्थित आरोहणका लागि खुला गरिएका ९७ वटा हिमालमा लाग्ने सलामी रकम आर्थिक वर्ष २०८२/८३ र आव २०८३/८४ दुई आर्थिक वर्षका लागि पर्यटन ऐन, २०३५ को दफा ३६ तथा पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ को नियम ३२ को देहाय (ख) बमोजिम पूर्णरूपमा छुट दिने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय सरकारले गरेको छ ।

भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ को दफा ९ को उपदफा ९२० बमोजिम डा उज्ज्वल चालिसे, कास्कीलाई भक्तपुर क्यान्सर अस्पताल विकास समितिको कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने निर्णय मन्त्रिपरिषद्को बैठकले गरेको छ ।

न्याय सेवा आयोगको सिफारिसबमोजिमसहन्यायाधिवक्ता सूर्यराज दाहालको नायब महान्यायाधिवक्ता पदमा बढुवा गरी बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगको सचिव पदमा पदस्थापन गर्ने र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका सचिव खेमराज ज्ञवालीको महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता पदमा सरुवा गर्ने निर्णय सरकारले गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।रासस

# वाग्मती प्रदेशलाई पूर्णखोप सुनिश्चितता घोषणा गरिने




भक्तपुर । वाग्मती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशलाई पूर्णखोप सुनिश्चितता घोषणा गर्ने भएको छ । विहिबार भक्तपुरको गठ्ठाघरस्थित कार्यक्रमस्थलमा प्रदेश स्वास्थ्य मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओलीले गठ्ठाघरमा शुक्रबार आयोजना गर्ने घोषणा कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिइएको हो ।

पत्रकार सम्मेलनमा प्रदेश स्वास्थ्यमन्त्री किरण थापाले प्रधानमन्त्री ओलीबाट प्रदेशस्तरीय पूर्णखोप सुनिश्चितता घोषणा, वाग्मती डिजिटल हेल्थ सेवा र टेलिमेडिसिन हबको एकैसाथ उद्घाटन गर्ने गरी तयारी पूरा भएको जानकारी दिनुभयो ।

वाग्मती प्रदेशका १३ वटा जिल्लालाई गत असार ३० गतेसम्ममा पूर्णखोप सुनिश्चितता जिल्ला घोषणा गरिसकेकाले प्रदेश पनि घोषणा गर्न लागेको बताउँदै उहाँले अब कोही पनि बालबालिका खोपबाट वञ्चित नहुने बताउनुभयो । त्यसैगरी मन्त्रालयले टेलिमेडिसिन हबका माध्यमबाट प्रदेशका अस्पतालमा चौबिसै घण्टा विशेषज्ञ सेवा प्रदान गर्ने भएको छ । उहाँले साउन १६ गते प्रधानमन्त्रीबाट उद्घाटन भएसँगै भक्तपुर अस्पताल र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौँडाबाट यो सेवा सुरु गरिने जानकारी दिनुभयो ।

क्यामरा जोडेर स्क्रिनको माध्यमबाट चिकित्सकको अगाडि 'स्क्रिन' राखी सम्बन्धित अस्पतालको बिरामीको अवस्था र रोगका बारेमा सबै जानकारी गराएर विशेषज्ञ चिकित्सकले टेलिस्क्रिनमार्फत निर्देश गर्दै उपचार गराउने स्वास्थ्यमन्त्री थापाले बताउनुभयो । यो सेवा अन्य अस्पतालमा पनि विस्तार गर्दै जाने उहाँको भनाइ छ ।

मन्त्रालयले वाग्मती डिजिटल हेल्थ सेवा पनि शुभारम्भ गर्ने भएको छ । यसमा बिरामीले घरमै बसेर अस्पतालको अवस्थाबारे जानकारी लिन सक्ने छन् ।

मन्त्री थापाले भन्नुभयो, "वाग्मती डिजिटल हेल्थ सेवाका लागि मोबाइल एप्स निर्माण गरिएको छ । अब आमनागरिकले आफ्नो घरमै बसेर एप्सको माध्यमबाट कुन अस्पतालमा शय्या कति खाली छन्, वा खाली छैनन् ।

आफूले खोजेको सेवाका लागि कुन अस्पतालमा सहज हुन्छ, कुन अस्पतालमा भीड छ, कुन अस्पतालमा कति बिरामी छन्, टिकट छ कि छैन सबै एप्सबाटै हेर्न मिल्छ । यसले बिरामीलाई आफूले खोजेको सेवा लिन सहज हुनेछ ।"

वाग्मती प्रदेश मन्त्रालयले एप्सबाटै १३ वटै जिल्लाका अस्पतालमा दिनभर कति सङ्ख्यामा बिरामी आए, आकस्मिकमा कति, ओपिडीमा कति, भर्ना भएका कति, कति फर्किए, टिकट कतिवटा गयो, कुन बिरामीलाई कुन औषधि कति बिक्री भयो, कति रकम सङ्कलन भयो, को कर्मचारी बिदामा छन्, सबै मन्त्रालय वा जुनसुकै ठउँमा बसेर पनि हेर्न सकिने मन्त्री थापाले जानकारी दिनुभयो । त्यसैगरी, अब ल्याबको रिपोर्ट लिन अस्पताल धाउनु नपर्ने भएको छ । ल्याबको रसिद काट्दा रसिदमा क्यूआर कोड दिने र त्यसैबाट ल्याबको रिपोर्ट घरबाटै हेर्न र प्रिन्ट निकाल्न सकिने गरी व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

मन्त्रालयले अस्पतालको सेवामा सेवाग्राहीले गुनासो राख्न सक्ने गरी इगुनासो एप्स पनि सार्वजनिक गर्ने भएको छ । यसमा सेवाग्राहीले घरमै बसेर क्युआर कोडबाटै गुनासोको फोटो, भिडियो, अडियो, अक्षर लेखेर र आवाजबाट गुनासो पठाउन सकिने गरी व्यवस्था गरेको उहाँले बताउनुभयो । साथै प्रदेश मन्त्रालयले प्रदेशअन्तर्गतको अस्पतालमा 'फास्टट्र्याक ओपिडी' सेवा पनि सञ्चालनमा ल्याउने भएको छ । मन्त्रालयले वाग्मती प्रदेशभरिका पत्रकारलाई स्वास्थ्य बिमामा समेट्ने भएको छ । मन्त्री थापाले प्रदेशका पत्रकारको यस वर्षदेखि बिमाको 'प्रिमियम' प्रदेशले स्वास्थ्य मन्त्रालयले तिरिदिने र स्वास्थ्य बिमामा पत्रकारलाई समेट्ने गरी बजेटको व्यवस्थापन गरेको जानकारी दिनुभयो ।

वाग्मती प्रदेश १३ वटै प्रादेशिक अस्पतालमा 'डायलासिस' सेवा विस्तार गर्ने उद्देश्यका साथ प्रदेश सरकारले खरिद गरेको १६ वटा डायलासिस मेसिन अस्पतालमा जडान गरेको जनाउँदै उहाँले बाँकी रहेका रसुवा, काठमाडौँको टोखा अस्पतालमा पनि डायलासिस मेसिन जडान गर्नेगरी तयारी गरेको बताउनुभयो । कार्यक्रममा प्रदेश स्वास्थ्य मन्त्रालयको सचिव डा सुमित्रा गौतमले वाग्मती प्रदेशभित्रका १३ जिल्लाका ११९ स्थानीय तह, एक हजार १२१ वडा र दुई हजार ५०० भन्दा बढी खोप केन्द्रमार्फत बालबालिकालाई पूर्णखोप लगाइएको जानकारी दिनुभयो ।

उहाँले जन्मेदेखि १५ महिनासम्मका बालबालिका र त्यो अवधिमा खोप लगाउन छुटेका १६ देखि २३ महिनाभित्रका एक लाख २८ हजार ४२१ बालबालिकालाई पूर्णखोप लगाएकाले पूर्णखोप सुनिश्चितता प्रदेश घोषणाको तयारी गरिएका बताउनुभयो ।मन्त्रालयले यो वर्ष मेरो स्वास्थ्य, मेरो जिम्मेवारी, एक घण्टा मेरो लागि अभियान, 'एक जिल्ला, एक स्वस्थ सहर' र 'एक स्थानीय तह, एक नमूना स्वास्थ्य संस्था' जस्ता कार्यक्रम प्रदेशभर लागू गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्ने बताउनुभयो ।रासस

# गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउने प्रतिबद्धता



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा विभागका महानिर्देशक डा टङ्क बाराकोटीले नेपाल सरकारले गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउने उद्देश्य राखेको बताउनुभएको छ ।

नेपालका प्रसूति केन्द्रहरूमा मातृ तथा नवजात शिशु हेरचाहको लागि सेवा उपलब्धता र तयारीसम्बन्धी चौधरी फाउन्डेसनले गरेको अध्ययन प्रतिवेदन सार्वजनिक गर्न आज यहाँ आयोजित कार्यक्रममा उहाँले स्वास्थ्य सेवा ग्रामीण क्षेत्रसम्म विस्तारका लागि थप जनशक्ति, उपकरण र पूर्वाधारको आवश्यक रहेको बताउनुभयो । उक्त अध्ययनबाट प्राप्त सुझाव आगामी नीति र योजना बनाउँदा उपयोगी हुने उहाँको भनाइ थियो ।

कार्यक्रममा परिवार स्वास्थ्य महाशाखाका निर्देशक डा विवेकलाल कर्णले स्वास्थ्य क्षेत्रमा पनि सार्वजनिक निजी साझेदारीअन्तर्गत गरिएका यस्ता कार्यले सरकारले हासिल गरेको लक्ष्य पूरा गर्न सहज र प्रभावकारी हुने बताउनुभयो । चौधरी फाउन्डेसनका अध्यक्ष निर्वाण चौधरीले आफूहरुले शिक्षा र स्वास्थ्यका क्षेत्रमा विभिन्न काम गरिरहेको अवगत गराउँदै मातृ तथा नवजात स्वास्थ्यका क्षेत्रमा अध्ययनले औँल्याएका सुझाव कार्यान्वयनका विषयमा आगामी दिनमा थप काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अध्ययनका नेतृत्वकर्ता डा खेम पोखरेलले अध्ययन विधि, अध्ययनका क्रममा देखिएका विषय र सुधार गर्नुपर्ने विषयका बारेमा जानकारी गराउनुभएको थियो । नेपालले मातृ तथा नवजात शिशु स्वास्थ्यमा उल्लेखनीय प्रगति गरेको छ । सन् २०१६ मा प्रतिएक लाख जीवित जन्ममा २३९ रहेको मातृ मृत्युदर सन् २०२२ मा घटेर १५१ पुगेको छ ।

त्यस्तै, सन् २००१ मा प्रतिएक हजारमा ३९ रहेको नवजात शिशु मृत्युदर सन् २०२२ मा घटेर २१ पुगेको सरकारी तथ्याङ्क छ ।

नेपालभर दुई हजार ८४८ प्रसूति केन्द्रहरू छन्भने त्यसमा दुई हजार ८३१ सञ्चालनमा छन् । यी केन्द्रहरूले प्रसूतिपूर्व हेरचाह, सामान्य प्रसूति, प्रसूतिपूर्व हेरचाह, र आधारभूत नवजात शिशु सेवाहरू प्रदान गर्छन् । अध्ययन प्रतिवेदनमा ४५ जिल्लाका २२२ प्रसूति केन्द्रहरू समेटिएको छ ।रासस

# नागरिक उन्मुक्ति पार्टीको अध्यक्षमा लालवीर चौधरी

काठमाण्डु । नागरिक उन्मुक्ति पार्टीले लालवीर चौधरीलाई अध्यक्ष बनाउने निर्णय गरेको छ ।

काठमाडौँमा सम्पन्न पार्टीको राष्ट्रिय भेलाले प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका लालवीरलाई सर्वसम्मत अध्यक्ष बनाउने निर्णय गरेको सो पार्टीका सांसद अरुणकुमार चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार पार्टीका केन्द्रीय सदस्यहरुको आह्वानमा काठमाडौँमा यही असार १४ र १५ गते पार्टीको राष्ट्रिय भेला आयोजना गरिएको हो ।

पार्टीलाई अनिर्णयको बन्दी बनाएको र डेढ वर्षदेखि केन्द्रीय समिति बैठक नबसेको तथा पार्टीलाई चलायमान बनाउन नसकेकाले नयाँ निर्णय लिनुपरेको सांसद चौधरीले बताउनुभयो । यसैबीच पार्टीको अध्यक्ष पदको जिम्मेवारीबाट हटाइएकी रञ्जिता श्रेष्ठले भने पार्टी विधानविपरीत भएको निर्णय आफूलाई मान्य नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "मलाई जानकारीसमेत नदिइ राष्ट्रिय भेला बोलाएर नयाँ अध्यक्ष चयन गरिएको छ । रासस

# 'युवा पुस्तालाई कृषि पेसामा संलग्न गराउनुपर्छ'

काठमाण्डु । नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले नयाँ पुस्तालाई कृषि पेसामा संलग्न गराउनु पर्ने बताउनुभएको छ ।

राष्ट्रिय युवा सङ्घ नेपालद्वारा आयोजित एक महिने बृहत् रक्तदान अभियानको विहिबार यहाँ शुभारम्भ गर्दै खिर खाने कार्यक्रममा समेत सहभागी भइ उहाँले कृषि क्षेत्रको रूपान्तरण गर्न नसकेमा देशको विकास हुन नसक्ने बताउनुभयो ।

"जमिन बाँझै रहने, युवा रोजगारीको खोजीमा विदेश जाने अवस्थालाई बदल्ने सङ्कल्प



हामीले गर्नुपर्दछ, नेपालमा ठुलो सङ्ख्यामा युवालाई रोजगारीमा समेट्ने कृषि क्षेत्र नै हो", उहाँले भन्नुभयो ।

महासचिव पोखरेलले कृषि पेसालाई व्यावसायिक रुपमा विस्तार गर्न नसक्दा नयाँ पुस्ता कृषि कर्ममा जोडिन नसकेको बताउनुभयो । त्यसैले अब नयाँ पुस्तालाई कृषिमा संलग्न गराउने विषय युवा आन्दोलनको साझा विषय बन्नुपर्नेमा उहाँले जोड दिनुभयो । युवा सङ्घका अध्यक्ष क्षितिज थेवेले युवालाई कृषिमा संलग्न गराउन सङ्घले योजना बनाएको बताउनुभयो ।रासस

# बम विस्फोटको आरोपमा अन्य छ जनालाई सफाइ

एएफपी

मुम्बई । भारतीय अदालतले बिहीबार एक कट्टर हिन्दू राष्ट्रवादी साध्वी तथा पूर्व सांसद र सन् २००८ मा एक मस्जिद नजिकै भएको घातक बम विस्फोटमा सहभागिताको आरोपमा अन्य छ जनालाई सफाइ दिएको छ ।

पश्चिमी राज्य महाराष्ट्रको मालेगावको मस्जिद नजिकै मोटरसाइकलमा बाँधिएको बम विस्फोट हुँदा भएको आक्रमणमा छ जनाको मृत्यु भएको थियो भने एक सयभन्दा बढी घाइते भएका थिए ।सत्तारूढ भारतीय जनता पार्टी



(भाजपा) की पूर्वसांसद साध्वी प्रज्ञा ठाकुरलगायत सात जनालाई आतङ्कवाद र आपराधिक षड्यन्त्रको आरोपमा मुद्दा चलाइएको थियो । उक्त मुद्दा वर्षौंसम्म तानिएको थियो ।

अभियोजन पक्षले आक्रमणमा प्रयोग गरिएका विस्फोटकहरू बोक्न ठाकुरको मोटरसाइकल प्रयोग गरिएको र विस्फोट हुनुअघि उहाँले मुख्य योजना बैठकमा भाग लिएको दाबी गरेको थियो ।यद्यपि न्यायाधीश ए के लाहोटीले बिहीबार ठाकुर र अन्य छ जना विरुद्ध अभियोजन पक्ष पर्याप्त प्रमाण उपलब्ध गराउन असफल भएको फैसला सुनाउनुभयो ।"फैसलाहरू नैतिकता र सार्वजनिक धारणामा आधारित हुन सक्दैनन", भारतीय कानूनी वेबसाइट लाइभ लका अनुसार लाहोटीले भन्नुभयो ।

बचावपक्षका वकिल रणजित नायरले अभियोजनपक्षले 'अभियुक्तविरुद्ध कुनै प्रमाण प्रस्तुत गर्न सकेन' भनी न्यायाधीशले उल्लेख गरेको बताउनुभयो ।भारतीय सांसद असदुद्दीन ओवैसीले फैसलालाई 'निराशाजनक' भन्दै मारिएकाहरू 'तिनीहरूको धर्मका कारण निशाना बनाइएका' थिए भन्नुभयो ।"जानाजानी कमजोर अनुसन्धान/अभियोजन निर्दोष सफाइका लागि जिम्मेवार छ", उहाँले एक्समा एक पोस्टमा भन्नुभयो ।

मुद्दाको सुनुवाइका क्रममा भारतको आतङ्कवाद विरोधी एकाइले सन् २००८ को बम विस्फोट सामुदायिक तनाव भड्काउन गरिएको बताएको स्थानीय मिडियाले जनाएको छ ।पचपन्न वर्षीया ठाकुरले सन् २०१७ मा जमानत पाउनुअघि नौ वर्ष जेलमा बिताउनुभयो । पछि उहाँले भाजपाले भोपालको केन्द्रीय सहरको सिटका लागि उम्मेदवार बनाएपछि चुनाव जित्नुभयो ।भारतीय चुनावी नियमहरूले कसैलाई अपराधमा दोषी नठहरिएसम्म जो कोहीलाई पदमा लड्न अनुमति दिन्छ ।

ठाकुरले भारतीय स्वतन्त्रता वीर महात्मा गान्धीका कट्टरपन्थी हिन्दू हत्यारालाई 'देशभक्त' भनेर विवाद खडा गर्नुभयो । उक्त टिप्पणीपछि प्रधानमन्त्री नरेन्द्र मोदीले उहाँलाई हप्काउनुभयो ।उहाँले गाईको पिसाब पिउँदा आफ्नो क्यान्सर निको भएको र दुध, घिउ र गोबरको मिश्रण पिउने फाइदाहरूको वर्णन गर्नुभएको थियो ।

# 'आशा र कठिनाइ' को बीचमा बितेको इरानी राष्ट्रपतिको पहिलो वर्ष

बीबीसी

काठमाण्डु । पदको शपथ लिएको भोलिपल्ट सन् २०२४ को जुलाईमा इरानको राष्ट्रपति भवनमा पाइला राख्दै गर्दा मसुद पेजेस्कियानले एउटा सङ्कटग्रस्त राज्यको उच्च पदमा मात्रै नभई विरासतमा प्राप्त धेरै कुराका साथ सोझै राजनीतिक भद्रगोलमा प्रवेश गर्नु परेको थियो।

शपथ ग्रहण समारोह सम्पन्न भएको केही घण्टामै इजरेली हवाई हमलामा इरानका महत्त्वपूर्ण पाहुना तथा हमास नेता इस्माइल हानिया मारिएको खबर फैलियो।



गाजामा नभई तेहरानकै मुटुमा उक्त घटना भएको थियो। इरान आर्थिक, हातहतियार तथा राजनीतिक हिसाबले इतिहासदेखि नै हमासको ठूलो समर्थक रहँदै आएको थियो। उक्त हत्याको घटनाले पूरै क्षेत्रलाई स्तब्ध पार्नुका साथै सङ्क्रमण सहज हुने भ्रमलाई पनि चकनाचुर पारिदियो। यो इस्लामवादी गणतन्त्रको इतिहासकै सबैभन्दा अशान्त वर्षहरूमध्ये एउटाको नाटकीय सुरुवात थियो। पेजेस्कियान एउटा राष्ट्रिय आघातपश्चात् सत्तामा आए । उनका पूर्ववर्ती कट्टरपन्थी राष्ट्रपति इब्राहिम रइसी एउटा हेलिकप्टर दुर्घटनामा परी मारिएका थिए। उक्त घटनामा इरानका विदेशमन्त्रीको पनि ज्यान गएको थियो। उक्त असाधारण घटनाले देशलाई केही सातामै आकस्मिक चुनावतर्फ धकेल्यो।

छोटो अवधिमै भएको उक्त चुनावमा मुटुका शल्यचिकित्सक तथा पूर्वमन्त्री अनि संसद्का सदस्य पेजेस्कियानले विजय हासिल गरे। उनको नरम स्वर, सामाजिक रोक तथा हिजाब लागु गर्नेबारे नरम रबैया अनि पश्चिमाहरूसँग टक्कर लिनुको साटो संवाद गर्ने वाचाले प्रतिबन्धहरूबाट हैरान भएको देशका निम्ति आशाको किरणको काम गऱ्यो।

तर उनी पदमा आएको केही महिनामै इजरेलले विनाशकारी हमालाहरूको लहर नै सुरु गऱ्यो र त्यसलगत्तै अमेरिकाले पनि इरानका पारमाणविक केन्द्रहरूमा हमला गऱ्यो। पहिल्यैदेखि कमजोर अर्थतन्त्र झनै धरमराउन पुग्यो। देशैभर ऊर्जा र पानीको अभाव देखा पऱ्यो।त्यसले सन् २०२४ को गर्मीताका पलाएको आशामा गहिरो तुषारापात गरिदियो। यसको सङ्क्षिप्त उत्तर हो : इरानमा उनले सरकार त चलाए तर शासन गरेनन्।

अन्य देशभन्दा विपरीत कुरा के हो भने इरानमा राष्ट्रपति देशको सबैभन्दा शक्तिशाली व्यक्ति होइनन्। इस्लामवादी गणतान्त्रिक संविधानका अनुसार सत्ताको वास्तविक शक्ति सर्वोच्च नेतामा निहित हुन्छ। सन् १९८९ देखि उक्त पदमा अयातोल्लाह अली खामेनेई आसीन छन् र उनले सेना, न्यायपालिका, गुप्तचर निकाय र महत्त्वपूर्ण रूपमा विदेश नीतिमाथि समेत व्यापक नियन्त्रण राख्दछन्। भलै पेजेस्कियानले राष्ट्रपतीय चुनाव जितेका हुन् तर उनको शक्ति सधैँ उक्त प्रणालीका अनिर्वाचित शक्तिहरूद्वारा सीमित गरिएको हुन्छ र ती भनेका रेभलूशनरी गार्डस्, गार्डियन काउन्सिल र सर्वोच्च नेताको कार्यालय हुन्।

यहाँसम्म कि मन्त्रिपरिषद्को छनौटका निम्ति समेत उनलाई माथिको मौन सहमतिको खाँचो पर्छ। जहाँसम्म कूटनीतिको कुरा छ, चाहे त्यो पारमाणविक कार्यक्रमबारे वा क्षेत्रीय तनावबारे चर्चा गर्दा होस्, पेजेस्कियान प्रायः निर्णयकर्ता भन्दा पनि अन्तै कतै तयार पारिएका कुराहरू प्रस्तुत गर्ने प्रवक्ता जसरी देखा पर्छन्। इरानमा एउटा ठट्टा प्रचलित छ : "हामीलाई अमेरिकाको चुनावमा भाग लिन दिइनुपर्ने हो- हामी नै त हौँ, जसले त्यसको नतिजा भोग्छौँ।"

सन् २०२४ को नोभेम्बरमा अमेरिकी राष्ट्रपतिका रूपमा डोनल्ड ट्रम्प ह्वाइट हाउस फर्किँदा उक्त भावना झनै प्रबल भयो र त्यसलाई धेरै मानिसहरूले तेहरानका निम्ति सबैभन्दा खराब स्थितिका रूपमा हेरे।ट्रम्पको पहिलो कार्यकालले नै अमेरिका र इरानबीचको सम्बन्धलाई खतराको सङ्घारमा पुऱ्याइसकेको थियो किनकि निकै मेहनतले तय गरिएको परमाणु सम्झौताबाट एकतर्फी रूपमा हात झिक्नुका साथै ट्रम्पले कठोर प्रतिबन्ध मात्रै लगाएनन् इरानमा सबैभन्दा शक्तिशाली सैन्य अधिकारीमध्येका जेनरल कासिम सुलेमानीको ज्यान लिन निर्देशन समेत दिएका थिए। ट्रम्पको पुरागमन सङ्कटको सङ्केत थियो र इरानलाई त्यो थाहा थियो।

त्यसलगत्तै इजरेलले गाजाको हमास, लेबननको हिज्बुल्लाह र यमनका हूथीजस्ता इरानका क्षेत्रीय सहयोगीमाथिको सैन्य कारबाही तीव्र पाऱ्यो। त्यसपछिका वर्षदिनसम्म तनाव चुलिँदै गयो। पेजेस्कियानका निम्ति यो सबैभन्दा खराब समय थियो - एक जना नरमपन्थी राष्ट्रपति जटिल समस्यामा फसेका थिए र उनीसँग स्थितिलाई बदल्ने लगभग कुनै उपाय थिएन ।

इजरेलसँग १२ दिनसम्म चलेको युद्धमा गरेका कार्यले उनीप्रतिको जनताको मोह झनै भङ्ग भयो। इतिहासमै पहिलोपटक इजरेलले इरानी भूमिमा ठूलो स्तरको हमला गरेसँगै सन् २०२५ को १३ जुनमा सङ्घर्ष सुरु भयो। इरानका कैयौँ सहर भीषण हमलाको चपेटामा परे र परिणामस्वरूप ठूलो सङ्ख्यामा मानिसहरू हताहत भए।

सङ्कटका समयमा बाटो देखाउने नेताका रूपमा आफ्नो छवि बनाउन पेजेस्कियान विफल भए। सहरहरूमा हमला हुँदै गर्दा र वरिष्ठ सैन्य अधिकारीहरू मारिँदै गर्दा सर्वोच्च नेताझैँ राष्ट्रपति पनि लगभग मौन बसे। कुनै उत्साहवर्द्धक भाषण गरिएन, कुनै निर्णायक उपस्थिति देखिएन, न सङ्कटमा परेका जनतासँग स्पष्ट संवाद नै गरियो।अन्य युद्धकालीन नेताहरू र उनीबीचको अन्तर स्पष्ट थियो। रुसी आक्रमणका क्रममा युक्रेनका राष्ट्रपतिले देखाएको प्रत्यक्ष र साहसिक नेतृत्वसँग तुलना गर्दै केही इरानीहरूले अनलाइन माध्यममा "तपाईं जेलेन्स्की होइन" भनेर टिप्पणी समेत गरे।

जनतालाई विश्वास दिलाउने र सङ्कल्पित देखिनुको साटो पेजेस्कियान शान्त देखिए। त्यसले गर्दा धेरैका नजरमा उनी असान्दर्भिक ठहरिए। इरानको सामाजिक परिदृश्य पनि त्यस्तै तनावपूर्ण छ। सन् २०२२ मा देशलाई नै तरङ्गित पार्ने गरी भएको राष्ट्रव्यापी "महिला, जीवन र स्वतन्त्रता" आन्दोलन निकै हदसम्म शान्त भएको छ तर त्यसपछाडिको माग र आक्रोश कम भएको छैन।

महिलाहरू व्यक्तिगत जोखिम मोलेर निरन्तर रूपमा बाध्यकारी हिजाब कानुनहरूको उल्लङ्घन गरिराखेका छन्। अभियानकर्मी, पत्रकार तथा विद्यार्थीहरूलाई हिरासतमा लिइराखिएको छ। पेजेस्कियानले "राष्ट्रिय मेलमिलाप" र "पारस्परिक सम्मान"को आह्वान गरेका छन्।

उनले सार्वजनिक रूपमा भनेका छन्, "म कौमार्य र हिजाबसम्बन्धी कानुन लागु गर्न सक्दिनँ। यसले मानिसहरूका निम्ति समस्या सिर्जना गर्छ र म उनीहरूविरुद्ध खडा हुने छैन।"

तर धेरै इरानीहरू र त्यसमा पनि खास गरी युवाहरूले उनका शब्दहरूलाई प्रतीकात्मक तर अर्थहीन ठान्छन् किनकि दमनकारी राज्य संयन्त्रहरूलाई छोइएको छैन। तिनमा संरचनागत हेरफेर नगरीकन मिठो बोल्नुले खासै अर्थ राख्दैन। राष्ट्रपतिका रूपमा पेजेस्कियानको एकवर्षे अवधिमा अधिकांश इरानीहरूका निम्ति खासै केही बदलिएको छैन। मूल्यवृद्धि आकासिएको छ, 'लोडशेडिङ' कायमै छ र राजनीतिक स्वतन्त्रतामा रोक लगाइएको अवस्था छ। राज्य र समाजबीचको खाडल चौडा हुँदै गइरहेको छ।

राष्ट्रपतिले एकताको चर्चा त गर्न सक्लान् तर वास्तविक शक्ति उनको नियन्त्रणबाट निकै पर रहेको अवस्थामा त्यसै एकताको घोषणा हुन सक्दैन।इरान कूटनीतिक, आर्थिक र सामाजिक हिसाबले एउटा विस्फोटक स्थितिको साक्षात्कार गर्ने अवस्थामा छ। नेतृत्वले मार्ग परिवर्तन गरेनन् वा गर्न सकेनन् भने अर्को विस्फोट आकाश वा प्रतिबन्धहरूमार्फत् नभई भित्रैबाट हुन सक्ने विश्लेषकहरू बताउँछन्।

# रूससँगको सम्बन्धलाई लिएर ट्रम्पद्वारा भारतलाई २५% कर र 'जरिवाना'

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार भारतबाट हुने आयातमा २५ प्रतिशत कर लगाउने बताउनुभएको छ । साथै उहाँले नयाँदिल्लीले रुसी हतियार र ऊर्जा खरिद गर्दा अनिर्दिष्ट 'जरिवाना' लगाउने पनि घोषणा गर्नुभएको छ ।

ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा यी उपायहरू शुक्रबारदेखि लागु हुने बताउनुभयो । साथै सोही दिन अन्य भन्सार वृद्धिहरू- जसमा केही ५० प्रतिशतसम्म हुनेछन्- पनि लागु हुनेछन् ।छुट्टै पोस्टमा ट्रम्पले अगस्ट १ को समयसीमा 'बलियो छ र विस्तार गरिने छैन' भन्नुभएको छ ।

उहाँले यसअघि अप्रिलको सुरुमा पहिलो पटक घोषणा गरेदेखि आफ्ना तथाकथित 'पारस्परिक' भन्सारहरूमा धेरै ढिलाइ गर्नुभएको थियो र १० प्रतिशत अन्तरिम आधारभूत दर लगाउनुभएको थियो ।

भारतमा २५ प्रतिशत कर अप्रिलमा घोषणा गरिएको दरभन्दा थोरै कम हुनेछ, तर वासिङ्टनसँग प्रारम्भिक व्यापार सम्झौता गरेका अन्य एसियाली देशहरूको तुलनामा यो बढी छ ।विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश भारत ट्रम्प प्रशासनलाई व्यापक व्यापार वार्तामा संलग्न गर्ने पहिलो प्रमुख अर्थतन्त्रहरू मध्ये एक थियो ।तर छ महिनापछि ट्रम्पका व्यापक मागहरू र भारतको कृषि र अन्य क्षेत्रहरू पूर्ण रूपमा खोल्न अनिच्छुकताले अहिलेसम्म नयाँदिल्लीलाई सम्झौता पूरा गर्नबाट रोकेको छ ।

"याद गर्नुहोस्, भारत हाम्रो मित्र भए पनि हामीले वर्षौंदेखि उनीहरूसँग तुलनात्मक रूपमा थोरै व्यापार गरेका छौं किनभने





उनीहरूको भन्सारहरू धेरै उच्च छन्, संसारमा सबैभन्दा उच्च मध्ये, र तिनीहरूसँग कुनै पनि देशको सबैभन्दा कडा र अप्रिय गैर-मौद्रिक व्यापार अवरोधहरू छन्", ट्रम्पले बुधबार बिहान भन्नुभयो, "भारतले सधैँ आफ्नो सैन्य उपकरणको विशाल हिस्सा रुसबाट किनेको छ, र चीनसँगै रुसको ऊर्जाको सबैभन्दा ठूलो खरीदकर्ता हो, यस्तो समयमा जतिबेला सबैले रुसलाई युक्रेनमा हत्या रोक्न चाहन्छन् ।"कुनै विवरण बिना ट्रम्पले २५ प्रतिशत भन्सारका अतिरिक्त भारतले 'माथिका लागि जरिवाना' को सामना गर्ने बताउनुभयो ।

पछि बुधबार उहाँले पत्रकार हरूलाई भन्सारमा वार्ता जारी रहेको र 'हामी के हुन्छ हेर्नेछौं' भन्नुभयो तर जरिवानाको बारेमा विस्तृत जानकारी दिनुभएन ।यो उपाय ७९ वर्षीय रिपब्लिकन ट्रम्पले युक्रेनमा लडाइँ रोक्न र शान्ति सम्झौता वार्तालाप गर्न मस्कोमाथि अमेरिकी दबाब बढाउने सङ्केत गरेको समयमा आएको हो ।मङ्गलबार ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमा मार्ग परिवर्तन गर्न वा नयाँ भन्सार शुल्कको सामना गर्न १० दिनको समय दिएको बताउनुभयो ।

उहाँले पहिले नै व्यापक पश्चिमी प्रतिबन्धहरूबाट बच्नका लागि मस्कोको क्षमतामा बाधा पुऱ्याउन खोज्ने चीन र भारत जस्ता रुसका बाँकी व्यापारिक साझेदारहरूलाई लक्षित गर्ने 'द्वितीयक भन्सार शुल्क' लगाउने धम्की दिनुभएको थियो ।भन्सार धम्कीका बावजुद, नयाँदिल्लीले 'निष्पक्ष, सन्तुलित र पारस्परिक रूपमा लाभकारी द्विपक्षीय व्यापारिक सम्झौता' मा वार्ता जारी राख्न प्रतिबद्ध रहेको बताएको छ ।

**चीन व्यापार वार्ता**

नयाँदिल्लीमाथि कर लगाउने घोषणा गरेको केही समयपछि, ट्रम्पले भारतको कट्टर प्रतिद्वन्द्वी पाकिस्तानसँग संयुक्त रूपमा आफ्नो तेल भण्डार विकास गर्न सम्झौता गरेको बताउनुभयो ।"कसलाई थाहा, सायद उनीहरूले कुनै दिन भारतलाई तेल बेच्नेछन्" उहाँले ट्रुथ सोसलमा पोस्ट गर्नुभयो ।ट्रम्पले अमेरिकी आर्थिक शक्तिको फाइदा उठाएर व्यापारिक साझेदारहरूलाई करको साथ दबाउन र विदेशी कम्पनीहरूलाई संयुक्त राज्य अमेरिकामा सर्न बाध्य पार्ने प्रयास गरेर विश्वव्यापी अर्थतन्त्रलाई बढावा दिन खोज्नुभएको छ ।

उहाँले यसअघि नै बेलायत, भियतनाम, जापान, इन्डोनेसिया र फिलिपिन्स गरी पाँच देश र २७ सदस्यीय युरोपेली सङ्घ (इयु) सँगको सम्झौताको रूपरेखा घोषणा गरिसक्नुभएको छ ।अमेरिकी र चिनियाँ अधिकारीहरूले यस हप्ता स्टकहोममा व्यापारिक युद्धविराम विस्तार गर्नेबारे वार्ता गरेका छन् । वार्ताले अस्थायी रूपमा तीन अङ्कको उचाइबाट भन्सार घटाएको छ ।बैठकमा कुनै सम्झौता घोषणा नभए पनि दुवै पक्षले अगस्ट १२ को समयसीमा अघि विस्तार गर्न खोजिरहेका छन् ।

यसैबीच ट्रम्पले आंशिक रूपमा दक्षिण अमेरिकी सहयोगीलाई कट्टर दक्षिणपन्थी पूर्व राष्ट्रपति जाइर बोल्सोनारोको विद्रोहको आरोपमा मुद्दा बन्द गर्न दबाब दिन ब्राजिलमा ५० प्रतिशत भन्सार घोषणा गर्नुभयो ।उहाँले स्टिल, तामा र अटोमोबाइल सहित विशिष्ट क्षेत्रहरूलाई लक्षित गर्दै छुट्टै भन्सार शुल्कहरू पनि लगाउनुभएको छ ।

> "भारतले सधैँ आफ्नो सैन्य उपकरणको विशाल हिस्सा रुसबाट किनेको छ, र चीनसँगै रुसको ऊर्जाको सबैभन्दा ठूलो खरीदकर्ता हो, यस्तो समयमा जतिबेला सबैले रुसलाई युक्रेनमा हत्या रोक्न चाहन्छन् ।"

# चुनावको तयारीमा म्यान्माको जुन्ताद्वारा आपत्कालीन अवस्थाको अन्त्य



एएफपी

याङ्गुन । डिसेम्बरमा हुने चुनावको तयारीलाई तीव्र पार्दै म्यान्माको जुन्ताले बिहीबार देशको आपत्कालीन अवस्थाको अन्त्य गरेको छ । डिसेम्बरमा हुने चुनावलाई विपक्षी समूहहरूले बहिष्कार गरिरहेका छन् र अन्तर र्राष्ट्रिय निरीक्षकहरूले आलोचना गरिरहेका छन् ।

सेनाले सन् २०२१ फेब्रुअरीमा प्रजातन्त्रका प्रतीक आङ सान सू कीको नागरिक सरकारलाई अपदस्थ गर्दै आपत्कालीन अवस्था घोषणा गरेको थियो । सेनाले नागरिक सरकारलाई अपदस्थ गरेपछि बहुपक्षीय गृहयुद्ध भयो र यसमा हजारौँको मृत्यु भएको छ ।

आपत्कालीन अवस्थाको आदेशले जुन्ता प्रमुख मिन आङ ह्लाइङलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामाथि सर्वोच्च शक्ति दियो -- तर उहाँले हालै चुनावलाई सङ्घर्षबाट बाहिर निस्कने बाटोका रूपमा प्रचार गर्नुभएको छ ।कूमा अपदस्थ भएका पूर्व सांसदहरू सहितका विपक्षी समूहहरूले यो चुनाव बहिष्कार गर्ने प्रतिज्ञा गरेका छन् । चुनावलाई संयुक्त राष्ट्रसङ्घका एक विशेषज्ञले गत महिना सेनाको निरन्तर शासनलाई वैधानिकता दिन डिजाइन गरिएको 'धोखाधडी' भनेर खारेज गरेका थिए ।

"बहुदलीय प्रजातन्त्रको बाटोमा देशले चुनाव गराउनका लागि आज आपत्कालीन अवस्था खारेज गरिएको छ", जुन्ता प्रवक्ता जाव मिन तुनले पत्रकारहरूसँग साझा गरेको भ्वाइस सन्देशमा भन्नुभयो, "छ महिनाभित्र चुनाव गरिनेछ ।"विश्लेषकहरूले चुनावपछि मिन आङ ह्लाइङले राष्ट्रपति वा सशस्त्र सेना प्रमुखको भूमिका निर्वाह गर्ने र त्यस कार्यालयमा शक्ति सुदृढ पार्ने अनुमान गरेका छन्, जसले गर्दा वास्तविक शासकका रूपमा उहाँको कार्यकाल विस्तार हुनेछ ।

"हामीले पहिलो अध्याय पार गरिसकेका छौँ", मिन आङ ह्लाइङले बिहीबार द ग्लोबल न्यु लाइट अफ म्यान्मा राज्य पत्रिकामा रिपोर्ट गरिएको नेपिडोमा जुन्ताको प्रशासन परिषद्का सदस्यहरूलाई दिएको भाषणमा भन्नुभयो, "अब, हामी दोस्रो अध्याय सुरु गर्दैछौँ ।" "आगामी चुनाव यस डिसेम्बरमा हुनेछ र सबै योग्य मतदाताहरूलाई आफ्नो मतपत्र दिन सक्षम बनाउने प्रयास गरिनेछ", उहाँको भाषणको अर्को भागको व्याख्या गर्दै अखबारले रिपोर्ट गरेको छ ।

**कुनै मिति तोकिएको छैन**

जुन्ताले अहिलेसम्म मतदानको सही मिति घोषणा गरेको छैन, तर इलेक्ट्रोनिक मतदान मेसिनमा प्रशिक्षण सत्रहरू अघि नै भइसकेको छ भने राजनीतिक दलहरू दर्ता भइरहेका छन् । बुधबार सैन्य सरकारले 'चुनावी प्रक्रियाको एक भागलाई नष्ट गर्ने' उद्देश्यले भाषण वा विरोध प्रदर्शनका लागि १० वर्षसम्म जेल सजाय दिने नयाँ कानून लागु गरेको बताएको छ । तर चुनावको तयारीका रूपमा गत वर्ष गरिएको जनगणनाले देशको पाँच करोड १० लाख जनता मध्ये एक करोड ९० लाखबाट तथ्याङ्क सङ्कलन गर्न असफल भएको अनुमान गरेको अस्थायी नतिजाले जनाएको छ ।

परिणामहरूले अभावको एउटा कारणका रूपमा 'महत्त्वपूर्ण सुरक्षा अवरोधहरू' उद्धृत गरेको छ जसले गृहयुद्धको बीचमा चुनावको पहुँच कति सीमित हुन सक्छ भन्ने सङ्केत दिन्छ ।विश्लेषकहरूले विद्रोहीहरूले आफ्नो विरोधको सङ्केतका रूपमा चुनावको वरिपरि आक्रमण गर्ने भविष्यवाणी गरेका छन् । तर यस महिना जुन्ताले आफ्नो हतियार राख्न र मतदानअघि 'कानूनी दायरा फर्कन' इच्छुकहरूलाई नगद पुरस्कार दिन सुरु गरेको छ ।

# सीमा सङ्घर्षमा कब्जामा लिएका सैनिकहरू फिर्ता गर्न आग्रह

एएफपी

नोम पेन्ह । कम्बोडियाले बिहीबार थाइल्यान्डलाई २० सैनिक फिर्ता गर्न आग्रह गरेको छ । ती सैनिकलाई दशकौँको सबैभन्दा रक्तपातपूर्ण सीमा सङ्घर्षलाई रोक्न युद्धविराम भएको केही घण्टापछि कब्जामा लिइएको थियो ।

पाँच दिनको झडपमा दुवैतर्फ कम्तीमा ४३ जनाको मृत्यु भएपछि दुवै देशले मङ्गलबारदेखि युद्धविरामको सहमति गरेका थिए । विवादित सीमावर्ती मन्दिरहरूको दीर्घकालीन विवादले तिनीहरूको आठ सय किलोमिटर (पाँच सय माइल) सीमामा खुला युद्धमा परिणत भएको थियो ।

बुधबार दुवै पक्षले युद्धविराम उल्लङ्घनको आरोप लगाएपछि राति ७:०० बजे (०००० जिएमटी) सम्म हिंसाको कुनै रिपोर्ट नभएको बैङ्कले जनाएको छ ।कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेटाले बिहीबार २० जना सैनिकको रिहाइका लागि वार्ता भइरहेको बताउनुभयो ।

"हाम्रा सबै सैनिकहरूलाई सुरक्षित रूपमा र सकेसम्म चाँडो घर फिर्ता ल्याउनका लागि थाई पक्षसँग वार्ता जारी राख्न हामी सक्दो प्रयास गर्नेछौँ", उहाँले पत्रकार सम्मेलनमा भन्नुभयो, "हामी थाई पक्षलाई सबै २० जना सैन्य कर्मचारीलाई सकेसम्म चाँडो कम्बोडिया फिर्ता पठाउन आह्वान गर्दछौँ ।"उहाँका अनुसार युद्धविराम लागु भएको लगभग आठ घण्टापछि मङ्गलबार बिहान ७:५० बजेतिर सेनालाई कब्जा गरिएको थियो ।

थाइल्यान्ड सरकारले बुधबार हिरासतमा लिइएका सैनिकहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानून र सैन्य नियमहरूअनुसार व्यवहार गरिएको र सीमा स्थिति स्थिर भएपछि फिर्ता गरिने बताएको छ ।संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले दुवै छिमेकी मुलुकलाई आफ्नो युद्धविराम सम्झौता पूर्ण रूपमा कार्यान्वयन गर्न र विश्वास र शान्ति निर्माण गर्न द्रुत कदम चाल्न आग्रह गर्नुभयो ।

## कागतीले बजार नपाउँदा निराश


दमौली । तनहुँको देवघाट गाउँपालिका-२ का कृषक मनिष मल्ल उत्पादित कागतीले बजार नपाउँदा निराश हुनुभएको छ । व्यावसायिक कागतीखेतीमा लाग्नुभएका उहाँ आफ्नो उत्पादनले बजार नपाउँदा समस्या भएको गुनासो गर्नुहुन्छ ।

मल्लले २० रोपनी क्षेत्रफलमा कागतीखेती गर्नुभएको छ । कागती उत्पादनको अन्तिम अवस्थामा छ, तर बजार अभाव हुँदा बारीमै रहेको उहाँले बताउनुभयो । मल्लले भन्नुभयो, “बारीसम्म गाडी पुग्ने बाटो छैन । मान्छेले बोकेर गाडीसम्म लैजाँदा लागत मूल्य धेरै पर्न जान्छ । त्यसमाथि कागतीको उचित मूल्य नपाउँदा समस्या छ ।”

स्थानीयस्तरमा बजार नपाएपछि काठमाडौँस्थित कालीमाटी तरकारी बजारमा पुगेर बिक्रीका लागि व्यापारीसँग अनुरोध गरेको उहाँले सुनाउनुभयो । गत वर्ष चितवन, तनहुँको दमौली र पोखरामा कागती बिक्री भए पनि यस वर्ष बजार नपाएपछि काठमाडौँ पुग्नुपरेको उहाँको भनाइ छ ।

“उत्पादित कागती काठमाडौँसम्म लैजाँदा लागत धेरै पर्ने र उत्पादन लागत पनि पाउन गाह्रो छ, तर बारीमै कुहिनुभन्दा काठमाडौँमा बिक्री गर्न सके केही न केही सहयोग हुने आशा गरेको छु । ३० केजीभन्दा माथि खरिद गर्ने कृषकलाई बारीमै आएर छानीछानी कागती टिप्न दिने भनेको छु”, मल्लले भन्नुभयो,“गाउँपालिकाले नै कागतीको बजार खोजिदिएको भए हामीजस्ता कृषकले चिन्ता गर्नुपर्थेन । स्थानीय कृषकलाई प्रोत्साहन गर्ने दायित्व स्थानीय तहको पनि हो नि, तर सहयोग पाएका छैनौँ ।रासस

## ‘ड्रागन’ फलमा ढुसिजन्य रोगको समस्या



चितवन । जिल्लामा लगाईएको ड्रागन फल (सिउडी फल)मा ढुसिजन्य रोगको समस्या देखिएको छ । जिल्लाका अधिकांश फर्ममा यो समस्या देखिएको हो ।

जसका कारण उत्पादनमा गिरावट आएको छ ।

पूर्वी चितवनको रत्ननगरमा सिउडी फलको खेती गर्दै आउनुभएका ध्रुवप्रसाद अधिकारी यस वर्ष उत्पादनमा गिरावट आउने बताउनुहुन्छ । ढुसिजन्य रोगका कारण उत्पादनको ५० प्रतिशत मात्र राम्रो भएको उहाँले बताउनुभयो । फलको बोक्रामा कालो दागहरु देखिँदा व्यवसायी र प्रयोगकर्ताले समेत कम प्रयोग गर्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो “अहिले उत्पादनको ५० प्रतिशत राम्रो निस्किएको छ । अन्यमा समस्या देखिएको छ ।” औषधिको प्रयोगले यत्तिको भएको उहाँले बताउनुभयो । राम्रो उत्पादन भएका फलहरु व्यवसायीले लैजाने गरेको बताउँदै उहाँले भन्नुभयो “कालो दागहरु देखिएका फललाई सस्तोमा गाउँघरतीर बिक्री गर्नु परेको छ ।” यो रोग देखिएको फल एक साता भित्र प्रयोग गरिसक्नु पर्ने उहाँले बताउनुभयो ।

कृषि विकास कार्यालय चितवनकी बागबानी बिकास अधिकृत स्वस्तीका चौहानका अनुसार जिल्लाको २४ हेक्टर क्षेत्रफलमा लगाइएको यस फलमा समस्या देखिएको हो । ढुसिका कारण फलमा कोत्रे रोगको संक्रमण देखिएको हो । यो रोगका कारण फल पहेलिने, दानामा खैरो थोपा देखा पर्ने, फल कालो भई चाउरीने जस्ता समस्या देखिने गर्दछ ।

> “अहिले उत्पादनको ५० प्रतिशत राम्रो निस्किएको छ । अन्यमा समस्या देखिएको छ ।”

उहाँले भन्नुभयो “बिरुवामा पहिले संक्रमण भएएपछि फलमा संक्रमण देखिने गर्दछ । बिरुवामा पहिलेनै थोप्ला-थोप्ला देखिने गर्दछ ।” कोलेटोट्रिचम नामक ढुसिले यो रोग लाग्ने गर्दछ । फलमा यो रोग देखिएपछि बिस्तारै फल कालो हुनुका साथै फल फुट्ने गर्दछ । संक्रमित फल बजारमा बिक्रि नहुने हुँदा समस्या आउने गरेको उहाँले बताउनुभयो । यो रोग लाग्न नदिनका लागि बोटमानै समस्या देखिएको समयमा कपर अक्सिक्लोराईडकोप्रयोगगर्नसकिने उहाँले बताउनुभयो । प्रतिलिटर पानीमा २ ग्राम यो औषधिको प्रयोग गरेर छर्न सकेमा समस्या नहुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो “सुरुआती समयमानै उपचार गर्न सके उत्पादन र बिक्री बितरणमा समस्या आउँदैन ।” बोटमा देखिएको समस्यालाई समाधानका लागि चक्कुले खुर्किएर फङ्गीसाइडको प्रयोग गर्न सके उत्तम हुने उहाँले बताउनुभयो ।

यो रोग लाग्न नदिनका लागि समय समयमा निलो तुथो (बोडोपोष्ट एवं वोडो मिश्रण) को प्रयोग गर्न सकिने छ । बिरुवा रोप्दा चोटपटक लागेको बिरुवा नरोप्ने, रोग रहित विरुवा लगाउने जस्ता काममा व्यवसायीक किसानले ध्यान दिनु पर्ने उहाँले जानकारी दिनुभयो । जिल्लामा अहिले बार्षिक २८८ मेट्रिकटन सिउडी फल उत्पादन हुँदै आएको छ ।रासस

# एउटै किसानले फलाउँछन् दैनिक ५०० केजी बोडी

झापा । विर्तामोड नगरपालिका-७ का युवा प्रदीप खनाललाई एक सातायता फार्ममा फलेको बोडी टिप्न र बजार पुऱ्याउन भ्याइनभ्याइ छ । उहाँको एकल लगानी रहेको ‘हाम्रो कृषि फार्म’बाट दैनिक ५०० किलोग्राम बोडीको तरकारी उत्पादन हुन्छ । उत्पादित सबै बोडी विर्तामोड नगरपालिकाले प्रवर्द्धन गरेको सुपथ मूल्यका तरकारी पसलमा बिक्री हुने गरेको छ ।

भाडामा लिएको ४५ बिगाहा जग्गामध्ये १६ कट्ठामा खनालले बोडीखेती गर्नुभएको हो । हाल आठ कट्ठामा फल लाग्न बाँकी नै र आठ कट्ठामा लहलह फलेको बोडी छ । सात वर्षअघि ठेक्कापट्टाको काम छाडेर एक कट्ठाबाट तरकारीखेती सुरु गरेका खनालले कृषि फार्म दर्ता गरेर व्यावसायिक रूपमा त्यसको विस्तार गर्नुभएको हो ।

उहाँले बोटबाट टिपेको बोडी नगरपालिकाका सातवटा सुपथ मूल्यका पसलमा बिक्रीका लागि लैजाने गरिएको बताउनुभयो । “पसलमा नगरपालिकाले तोकेको समर्थन मूल्यमा बिक्री हुने गरेको छ । यदि बजार भाउ खस्किएर कम मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता आयो भने नगरपालिकाले समर्थन मूल्य बराबरको रकम तिरिदिने भएकाले बजारको कुनै चिन्ता गर्नुपरेको छैन”, खनालले भन्नुभयो ।

हाल प्रतिकेजी बोडी रु ३० देखि रु १०० सम्ममा बिक्री भइरहेको छ । कहिलेकाहीँ भने मूल्यमा उतारचढाव आउने गरेको उहाँले बताउनुभयो । नगरपालिकाले तरकारीमा विषादीको अवशेष जाँच गरेर मात्र पसलमा बिक्रीका लागि अनुमति दिने गरेको छ ।

**वार्षिक एक करोड मुनाफा**

खनालको कृषि फार्ममा २० बिगाहामा धानखेती छभने पाँच बिगाहामा विभिन्न प्रकारका तरकारी छन् । जसमध्ये १६ कट्ठामा बोडी, १५ बिगाहामा अम्बक, बयरलगायतका फलफूलखेती र चार बिगाहामा लौका, भिन्डी तथा खुर्सानी खेती गर्ने गरेको उहाँले जानकारी दिनुभयो ।



धान, तरकारी र फलफूलखेतीबाट वार्षिक रु एक करोड मुनाफा हुने खनालको दाबी छ । “प्रत्येक वर्ष आम्दानी बढ्दै गएको छ । मैले मात्र आम्दानी गरेको होइन । दर्जनौँ व्यक्तिले रोजगारी पाएका छन् । उपभोक्ताले पनि स्वदेशी र ताजा तरकारी खान पाउनुभएको छ । यस वर्ष वार्षिक रु दुई करोडसम्म तरकारी बिक्री हुने अपेक्षा गरेको छु”, खनालले भन्नुभयो ।

उहाँले सुरुमा कृषिबाट यति धेरै आम्दानी हुन्छ होला भनेर विश्वास नगरेको सुनाउनुभयो । “एउटै अम्बक आधा केजीसम्मको फल्न थालेको छ । हाल आफ्नै देशमा व्यावसायिक कृषि कर्म गरेर ठिकै गरेछु भन्ने लागेको छ । फार्ममा २५ जनाले प्रत्यक्ष रोजगारी पाएका छन्भने दर्जनौँले मौसमअनुसारको खुद्रा काम पाउने गरेका छन्”, खनालको भनाइ छ ।

विर्तामोड नगरपालिकाले नगरलाई तरकारी र फलफूलमा आत्मनिर्भर बनाउन ‘पारिको होइन वारिको’ भन्ने अभियान नै सञ्चालन गरिरहेको छ । नगरको कृषि शाखाका प्रमुख राजेन्द्रप्रसाद कडरिया स्थानीय तरकारी उत्पादक कृषकहरु अभियानमा जोडिनुभएको र भारतबाट तरकारीको आयात प्रतिस्थापन गर्न अभियानले मद्दत पुऱ्याइरहेको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो,“नगरपालिकाले बोडीको समर्थन मूल्य प्रतिकेजी रु ३० तोकेको छ । उक्त मूल्यमा बिक्री नभए तौलको आधारमा घाटा पूर्ति रकम उपलब्ध गराउँदै आएका छौँ । यसमा मात्रै होइन अन्य उत्पादनमा पनि कृषकलाई प्रोत्साहन गर्ने हाम्रो नीति छ ।”रासस

# किसानले बुझाए कृषिमन्त्रीलाई ज्ञापनपत्र

लुम्बिनी । अखिल नेपाल किसान महासङ्घ, लुम्बिनी प्रदेश समितिले मुलुकको कृषि क्षेत्र सङ्कटोन्मुख भइरहेका बेला किसानका प्रमुख समस्यालाई उठाउन गर्दै लुम्बिनी प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।



महासङ्घले कृषिमा बजेटको न्यून विनियोजन, नीतिगत असंवेदनशीलता र सहुलियतको अभावले गर्दा उत्पादन, रोजगारी, खाद्य सुरक्षा र आर्थिक वृद्धिमा व्यापक असर परिरहेकोलगायतका संवेदनशील विषय उठान गर्दै प्रदेश सरकारका कृषि तथा सहकारीमन्त्री दिनेश पन्थीलाई आज बुटवलमा ज्ञापनपत्र बुझाएको हो ।

मन्त्रालयले वार्षिक प्रगति समीक्षा जारी रहेको कार्यक्रम हल बाहिर जुटेका किसानका अगुवाहरुले आफुहरुले भोगिरहेका समस्याको समाधानका लागि पहल गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् ।

लुम्बिनी प्रदेश सरकारका कृषि तथा सहकारीमन्त्री दिनेश पन्थीलाई बुझाइएको ज्ञापनपत्रमा महासङ्घले कृषि क्षेत्रमा देखिएका मूल समस्या, नीति कार्यान्वयनको कमजोरी र समाधानका सम्भावनाहरूमा केन्द्रित रहेर देखिनेगरी काम गर्न आग्रह गरेको छ ।

महासङ्घका लुम्बिनी प्रदेश अध्यक्ष महेन्द्र गिरीले भन्नुभयो, “रोपाइँका बेलामा सिँचाइ, मलको चरम अभाव छ । उत्पादित कृषि उपजको किसानले उचित मूल्य पाएका छैनन् । किसानलाई प्रोत्साहन र हौसला भएन ।”

टोलीमा महासङ्घका केन्द्रीय सदस्य सिपी पौडेल, जिल्ला अध्यक्ष कृष्ण खरेल, अगुवा किसान पुष्करनाथ पन्थलगायतको सहभागिता रहेको थियो । उहाँहरुले किसानहरु मल नपाएको, पशुपालकहरु पशुमा अनेक रोगको सङ्क्रमण भएर समस्यामा परिरहेको गुनासो गर्दै प्रदेश सरकारले अनुभूति हुनेगरी काम गर्न आग्रह गर्नुभएको थियो ।

सधैँ मलको अभाव, उत्पादकत्व वृद्धिका कार्यक्रम नहुनु, कृषिको असमान वितरण, सिँचाइको अभाव, परम्परागत प्रणालीको निर्भरता, श्रमप्रधान र घाटामा जहिल्यै मलको अभाव, उत्पादकत्व वृद्धिका कार्यक्रम नहुनु, कृषिको असमान वितरण, सिँचाइको अभाव, परम्परागत प्रणालीको निर्भरता, श्रमप्रधान र घाटामा जाने कृषि प्रणाली तथा उत्पादन लागतको वृद्धिलगायतका समस्याबाट किसान चिन्तित रहेको उहाँहरुको भनाइ रहेको छ ।

**फेरि लम्की स्किनको जोखिम**

लुम्बिनी प्रदेशमा अहिले फेरि लम्की स्किनको जोखिम देखिएको जनाउँदै किसानले चिन्ता व्यक्त गरेका छन् । कतिपय जिल्लाका धेरैजसो किसानले पालन गरिरहेका पशुधनका यस्तो रोगको जोखिम देखिएको महासङ्घको भनाइ छ । यस्तो सरुवा रोगले पशुपालनमा क्षति पुऱ्याउँदै आएको र किसानको आम्दानीमा प्रत्यक्ष असर गरिरहेको जनाउँदै समयमा नियन्त्रणका प्रभावकारी उपाय अपनाउन आग्रह गरिएको छ ।

महासङ्घका केन्द्रीय सदस्य पौडेलले महासङ्घ केवल समस्या उजागर मात्र होइन, समाधानका उपायहरूसमेत प्रस्ताव गर्दै आएको उल्लेख गर्दै राज्यका निकायबाट किसानले हौसला र प्रोत्साहनको पनि खोजी गरिरहेको उल्लेख गर्नुभयो ।

महासङ्घका प्रदेश अध्यक्ष गिरीले सिँचाइ पूर्वाधारको विस्तार, गुणस्तरीय मल र बीउको समयमै आपूर्ति, कृषि ऋणको पहुँच, कृषि उत्पादनलाई बजारसम्म जोड्ने प्रणालीको विकास, कृषि अनुसन्धान र प्रविधिको उपयोग, जैविक कृषि तथा उत्पादन विविधीकरणमा राज्यको लगानी वृद्धि, किसानमैत्री नीति तथा कार्यान्वयनको प्रभावकारी अनुगमनको आफूहरुले माग गर्दै आएको बताउनुभयो ।

ज्ञापनपत्र बुझ्दै मन्त्री पन्थीले किसानका समस्या समाधानमा प्रदेशको एकल सामर्थ्य र क्षमता पर्याप्त नभएको उल्लेख गर्नुभयो । तीनै तहको समन्वय र निजी क्षेत्रका साथै आवश्यकताका आधारमा दातृ निकायको समेत सहकार्यको खोजी गरिएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “कृषि प्रणालीमा संरचनागत सुधारका प्रयास भइरहेको छ । परिणाम देखिन समय लाग्छ । यसअघि भएका कतिपय नीतिगत कमजोरी, प्राकृतिक चुनौती, बजार असहजता र प्रविधि अभावका कारण समस्या उत्पन्न भएको हो । यसलाई सुधार गर्दै सरकार अगाडि बढिरहेको छ ।”रासस

# खीर खाएर मनाइयो साउन १५

काठमाण्डु । सांस्कृतिक रुपमा मनाइँदै आएको साउन १५ गते विहिबार नेपाली समाजमा खीर खाएर मनाइएको छ ।

साउन १५ गते खीर खाने प्राचीनकालदेखिको नेपाली परम्परा छ । दूधमा मरमसलालगायत चिजबिज हालेर बनाइने खीरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । घर, कार्यालय एवं साथीभाइ जम्मा भएर खीर खाने चलन बढ्न थालेको छ । खीरको संस्कृति प्रवर्द्धन गर्न कार्यक्रम समेत आयोजना गर्ने गरिएको छ ।



संस्कृत भाषामा पायस भनिने खीर सात्विक आहारमध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि महत्वपूर्ण वस्तु मानिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ ।

साउन महिनामा गाउँघरमा खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । घाँस पाइने बेलामा गाई, भैँसीले दूध पनि धेरै दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई खीर खुवाउने चलन चलेको हो । साउन भगवान् शिवको महिना हो । शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले खीरलगायत मिठाइ विधिपूर्वक चढाइन्छ । यसैले गर्दा साउनको मध्य पारेर खीर खाने चलन चलेको हुनसक्ने धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ । तर यसको कुनै शास्त्रीय वचन भने छैन ।

ऋ ि ष ा म ु ि न क ा ` पालादेखि नै श्राद्धलगायत पितृ कार्यमा निमन्त्रणा गरिएका ब्राह्मणलाई पायस अर्थात् खीर खुवाउने गरिएको थियो । अहिले पनि वैदिक सनातन धर्मावलम्बीले श्राद्धका दिन अनिवार्य रुपमा गाईको दूधमा पायस अर्थात् खीर बनाउँछन् । चामल, साबधाना, सेवइ, मकै, गाजरलगायतको खीर बनाउने गरिन्छ । साबधानालाई फलफूलकै वर्गमा राखिन्छ । यसैगरी साउन महिनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खीरसमेत बनाएर खाने चलन छ । खीर खाँदा देवतालाई चढाएर खानुपर्छ भन्ने धार्मिक विश्वास रहिआएको छ ।

नेपाली बृहत् शब्दकोशले ‘दूधमा पकाइएको भात, दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ट खाद्य पदार्थ, पायस, तस्मै’ भनी खीरलाई परिभाषित गरिएको छ । नेपाली समाजमा असार १५ गते दही, च्यूरा, साउन १५ गते खीर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घिउखट्टे, माघ १५ गते मालपुवालगायत चिजबिज बनाएर इष्टमित्र एवं छोरी चेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहिआएको छ ।

राष्ट्रिय दुग्ध विकास बोर्डले साउन १५ गतेलाई खीर खाने दिन अर्थात् खीर दिवसका रुपमा मनाउने निर्णय गरेको छ । नेपालको खाद्य नियमावलीअनुसार मानक प्रशोधित दूधमा हुने तीन प्रतिशत चिल्लो, ४ दशमलव ७ प्रतिशत ल्याक्टोज र ३ दशमलव ५ प्रतिशत प्रोटिनको गणना गर्दा प्रति १०० ग्राम प्रशोधित दूधबाट ६० प्रतिशत क्यालोरी शक्ति प्राप्त हुने बोर्डले जनाएको छ । यसैले खीरलाई राम्रो खाद्यपदार्थ मानिन्छ ।रासस

## राजस्व र व्ययको अनुमानमाथिको प्रस्ताव प्रतिनिधिसभामा प्रस्तुत

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ‘आगामी आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्’ भन्ने प्रस्ताव प्रतिनिधिसभामा प्रस्तुत गर्नुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा प्रस्ताव प्रस्तुत गर्दै उहाँले प्राङ्गारिक र प्राकृतिक मल उत्पादनलाई प्रवर्द्धन, डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न यसमा लागेको कर हटाइएको तथा बजेटको कार्यान्वयनबाट आर्थिक गतिविधि वृद्धि हुने बताउनुभएको थियो ।रासस

# “पर्यटक बढेपछि गोठमै आम्दानी”

गलकोट । बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि गोठालाको आयआर्जनमा वृद्धि भएको छ । ढोरपाटन पुगेका केही पर्यटकहरू पदमार्गमार्फत बुकीपाटन पुग्ने गरेका छन् । बुकी पुग्ने पर्यटकका लागि खान-बस्नमा सघाउँदै आएका गोठालको आम्दानी बढ्न थालेको हो ।

पदमार्ग आसपास र बुकीपानमा चिया-नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ । पाटन पुगेका पर्यटक गोठमै बस्ने र खाने गर्दा भैँसीको दूध, घ्यू तथा भेडाको मासु खपत हुन थालेको र यसले आयआर्जनमा वृद्धि भएको गोठालाहरू बताउँछन् । पर्यटकलाई भैँसीको दूधसँगै खीर, चिया, मोही तथा दही खुवाएर आम्दानी गर्न थालिएको गोठालाहरूको भनाइ छ ।

बुकीपाटनका भैँसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरिचरनका रूपमा रहेको बुकीपाटन पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताउनुभयो । “पहिला त ढोरपाटन ल्याएर घ्यू बिक्री गरिन्थ्यो, मही फालिन्थ्यो । हाल बर्खामा पनि पर्यटक भरिभराउ छन, मोहीसमेत बिक्री हुन्छ”, उहाँले भन्नुभयो, “पर्यटक बढेपछि यही गोठमा समेत बस्न आउँछन्, भैँसीको दूधको खीर पकाएर खुवाउँछु । गोठमै दूध, मोही बिक्री भएपछि बोकेर ढोरपाटन जानै पर्दैन ।”

बुकीपाटन उक्लनले बीच बाटोको चेप्टेढुङ्गामा गोठबाटै चिया बिक्री गरेर गुमानसिंह कुमाईले पनि राम्रो आम्दानी गरिरहनुभएको छ । बुकी उक्लनेलाई प्रतिगिलास रु १०० मा चिया बिक्री गर्दै आएको उहाँको भनाइ छ । दूधको चिया खपत भएपछि घ्यू र दही बनाउने झन्झट नभएको कुमाईले बताउनुभयो ।



उहाँको गोठमा एकै दिन एक सय गिलाससम्म चिया खपत हुने गर्छ । तीनवटा भैँसी र ६० वटा बाख्रा पाल्दै आएका कुमाईको घुम्ती गोठ पदयात्रा गर्ने छेउमै भएकाले असारयता दूध र चिया निकै खपत भएको हो । “बुकीमा चरेका भैँसीको दूधको चिया पदयात्रीले निकै मीठो मानेर खाने गरेका छन्, दूधबाट चिया बनाउन थालेपछि यो ‘सिजन’मा घ्यू बनाउन आवश्यक छैन”, उहाँले भन्नुभयो, “पर्यटकका कारण गोठमै पैसा आएको छ, पहिला-पहिला खेर जाने मोही पनि हाल महङ्गो मूल्यमा बिक्री हुन्छ ।”

ढोरपाटनमा एक वर्षमै आठ हजारले पर्यटक वृद्धि भएपछि यसपटक बुकीपाटन गुल्जार बनेको छ । प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको स॰्या बर्सेनि बढ्दै गएपछि घोडा सफारी, घरबास र गोठमा बस्ने पर्यटकका कारण आयआर्जनमा सघाउ पुगेको हो ।

ढोरपाटन सिकार आरक्षमा पहिले सिकार खेल्न विदेशी पर्यटक मात्र आउने गरेकामा पछिल्लो समय आरक्ष क्षेत्र, ढोरपाटन उपत्यका, निशेलढोर, ढोरबराह मन्दिर, बुकी पाटन र जलजलालगायत क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक पनि यहाँ आउने गरेका छन् । समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् ।रासस

# किशोरी हत्या गर्ने साह पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । केही दिन अघि एक किशोरीको हत्या र दुईजनालाई घाइते गरी फरार भएका एक अभियुक्तलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ मा १५ वर्षीया अन्जली कुमारी यादवलाको खुकुरी प्रहार गरी हत्या गर्ने अभियुक्त रामबाबु साहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पक्राउ पर्नेमा धनुषाको क्षिरेश्वनाथ नगरपालिका-९ स्थित इच्छापुरका ३५ वर्षीय रामबाबु साह रहेका छन्। हत्यामा प्रयोग गरिएको खुकुरी पनि बरामद भएको छ।

नेपाल सरकारले कुनैपनि घटनामा संलग्न रहेकालाई सार्वजनिक नगर्न सर्कुलर जारी गरेतापनि धनुषा प्रहरीले घटनाको प्रवृतिलाई मध्यनजर गर्दै विशेष अनुमति लिएर अभियुक्तलाई सार्वजनिक गरेको छ।

पक्राउ परेका अभियुक्त साह यसअघि आफ्नै श्रीमतीको हत्या गरेको आरोपमा पाँच वर्ष जेल सजाय बिताएर निस्किएका थिए।

अभियुक्त साह र मृतक अञ्जलीकी आमा आशा यादवबीच धनुषाको महेन्द्रनगर स्थित एक पसलमा चिनजान भइ भेटघाट निरन्तर हुँदै आएको थियो।

सो क्रममा दुबै जनाले संगै बस्ने निधो गरेपछि आशा यादवलाई जनकपुरधाममा डेरा लिइ आशाकी छोरी अञ्जलीसहित साहसंगै बस्ने गरेका थिए। साह कामका लागि बाहिर गइरहने हुनाले आशालाई टेम्पो खरिद गरेका थिए।

तर आशाले टेम्पो आफ्नो भाइको नाममा दर्ता गराउन लगाएको अनुसन्धानमा देखिएको छ । त्यसपछि आशा यादव र अभियुक्त साहबीचको सम्बन्धमा चिसोपन आउन थालेको थियो । आशा यादवले साहलाई थाहा नदिइ डेरा समेत अर्को स्थानमा सारेपछि दुबैबीच भनाभन शुरु भएको थियो।

आशा यादवले साहसंग फोनमार्फतसमेत सम्पर्क हुन छोडेपछि साहले खुकुरी लिएर आएर राती उनीहरु रहेको डेरा पत्ता लगाइ आशा यादवमाथि निर्घात प्रहार गरेका थिए । सो क्रममा रामबाबुले अन्ञ्जलीको घाँटीमा खुकुरी प्रहार गर्दा अन्जलीको मृत्यु भएको थियो भने आशा यादव पनि गम्भीर घाइते भएकी थिइन।

अहिले आशा यादवको उपचार जनकपुरधाममा सम्भव नभएपछि धरान रेफर गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । पक्राउ परेका साहमाथि थप अनसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ।

## सिचाइँको राहत योजनाः

# गरिब किसान सरकारको राहतबाट वञ्चित

सर्लाहीका एक किसानहरु भन्छन्, "मसँग जम्मा ८ कठ्ठा जमिन छ, पानी छैन अन्न उत्पादन शून्यजस्तै छ । अब राहत कसरी माग्ने - मेरो जमिन पुग्दैन । सरकारी राहत अनुदान जहिले पनि धनी, पहुच भएका ब्यक्तिले मात्र पाउने गरेको छ । गरिब निमुखा कम जमिन भएका किसान जहिले पनि सरकारी राहत पाउँदैन । यसबाट मधेश प्रदेश भरिका गरिब किसानहरु समस्या भोगि रहेको छ ।"

**बखतियार अलि**

मलंगवा । संघीय सरकारले मधेश प्रदेशलाई संकटग्रस्त क्षेत्र घाषणा गरेपछि मधेश प्रदेश सरकारले खडेरी र सुख्खाबाट प्रभावित किसानलाई सुख्खाग्रस्त क्षेत्र सहयोग कार्यक्रम अन्तरगत प्रदेशको ८ जिल्लालाई लक्षित गर्दै १८ करोड बराबर रकमको स्यालो टयुबवेल गरिब किसानलाई वितरण गर्ने राहत योजना सञ्चालनमा ल्याएको भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेशका कृषि प्रसार अधिकृत अविनाश कुमार झाले जनाएको छ। सोही राहत कार्यक्रम अन्तर्गत सर्लाही जिल्लाको लागि प्रदेश सरकारले २ करोड ५० लाख रूपैयाँ बराबरको करिब २ सय स्यालो ट्युबवेल बोडिंग खरिद गरि सिंचाईको लागि जिल्लाका किसानलाई वितरण गर्ने योजना रहेको कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुय कमलदेव प्रसाद कुशवाहाले बताए। अहिले किसानहरूबाट दर्खास्त लिने कार्य भईरहेको प्रमुख कुशवाहाको भनाइ छ।

सो कार्यक्रममा सहभागी हुनका लागि कम्तिमा २ विगहा जमिन भएको प्रमाणित गर्नुपर्ने सरकारले ब्यबस्था गरे पछि गरिब तथा साना किसानहरू सरकारको यश योजनाबाट बंचित हुनुपर्ने अवस्था सिर्जना भएको छ।

धेरैजसो गरिब किसानको नाममा ५ कठ्ठा, १० कठ्ठा वा १ विगहा मात्र जमिन छ। उनीहरू पनि उस्तै गरी खडेरीबाट पीडित छन्। खेत



सुकिरहेका छन्, बीउ उम्रिएको छैन, तर गरिब किसानलाई सरकारले दिएको राहतकोबाट बंचित हुनुपर्ने अवस्था रहेको छ।

सर्लाहीका एक किसानहरू भन्छन्, 'मसँग जम्मा ८ कठ्ठा जमिन छ, पानी छैन अन्न उत्पादन शून्यजस्तै छ। अब राहत कसरी माग्ने - मेरो जमिन पुग्दैन । सरकारी राहत अनुदान जहिले पनि धनी, पहुच भएका ब्यक्तिले मात्र पाउने गरेको छ । गरिब निमुखा कम जमिन भएका किसान जहिले पनि सरकारी राहत पाउँदैन । यसबाट मधेश प्रदेश भरिका गरिब किसानहरू समस्या भोगि रहेको छ।'

कृषि पेशा त्याग गरेर अर्को पेसा अपनाउन बाध्यता रहेको किसानहरू बताउँछन्।

कृषि ज्ञान केन्द्र सर्लाहीबाट प्रकाशित सुचनामा २ विघा जमिन भएको किसानले मात्रै सिफारिस सहित फारम भरेर राहत अनुदान सवरूप दिप बोरिंग पाउने उल्लेख छ। सरकारी मापदण्डले गरिब किसानलाई हेर्ने नजरिया जहिले पनि भेदभावले भरिएको छ।

सम्भावित राहतबाट वञ्चित हुने किसानहरूको ठूलो संख्याले सरकारको योजना मात्र जमिनदार र ठूला किसान वा पार्टीको कर्याकर्ताहरूले लाभ पुग्ने गरी बनाइएको भन्दै सर्लाहीका किसानहरूले आक्रोश व्यक्त गरेका छन्।

## लागूऔषध ब्राउनसुगरसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

बारा। बाराको फेटा गाउँपालिका-१, भलुहीस्थित सडकखण्डबाट प्रहरीले ठूलो परिमाणमा लागूऔषध ब्राउनसुगरसहित एक युवकलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय प्रसौनीबाट प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठको नेतृत्वमा खटिएको टोलीले कलैया बजारबाट प्रसौनीतर्फ पैदल गइरहेका युवकलाई शंका लागि रोकेर खानतलासी गरेको थियो।

बुधवार साँझ गरिएको सो खानतलासीका क्रममा युवकको साथबाट लागुऔषध फेला परेको प्रहरीले जनाएको छ।

पक्राउ परेका युवक बारा जिल्लाको विश्रामपुर गाउँपालिका-१, घोडासाहन निवासी २२ वर्षीय अजमुल हक अन्सारी रहेको मधेश प्रदेश प्रहरीको कार्यालयले जनाएको छ।

प्रदेश प्रहरीका अनुसार अन्सारीको साथबाट दुईवटा प्लास्टिकको पुरिया बरामद गरिएको छ।

एउटा कालो प्लास्टिकभित्र सानो सेतो प्लास्टिकमा ब्राउन सुगर करिब ६०० मिलिग्राम भेटिएको छ भने अर्को सेतो प्लास्टिकभित्र ब्राउन सुगर जस्तो देखिने लेदो पदार्थ १४६ ग्राम ५८० मिलिग्राम फेला परेको हो।

पक्राउ परेका अन्सारीलाई आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय प्रसौनीमा राखिएको छ। सो घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। लागूऔषध ओसारपसार तथा कारोबारमा संलग्न अन्य व्यक्ति वा गिरोहको खोजीसमेत तीव्र पारिएको जनाइएको छ।

# आन्दोलनको तयारीमा उखु किसान

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले अनुदान कटौती गरेपछि उखु किसान निराश भएका छन्।

गत असार अन्तिम साता बसेको मन्त्रिपरिषद् बैठकले उखु किसानले पाउँदै आएको प्रतिक्विन्टल उखुको ७० रुपैयाँ अनुदान कटौती गर्ने निर्णय गरेको थियो।

गत वर्ष क्रसिङ भएको उखुको प्रतिक्विन्टल ३५ रुपैयाँका दरले अनुदान दिने निर्णय सरकारले गरे पनि चालु आर्थिक वर्षको बजेटमा भने उखुको अनुदानका लागि सरकारले कुनै बजेट विनियोजन गरेको छैन।

यसबाट आगामी सिजनमा क्रसिङ हुने उखुको अनुदान किसानले नपाउने निश्चित जस्तै देखिएको छ। किसानले २०६६ सालदेखि उखुमा अनुदान पाउँदै आएका थिए।

उखु उत्पादक किसानसँग सम्बन्धित विभिन्न संस्थाको सर्लाहीको हरिवनमा बसेको बैठकले सरकारी निर्णयविरुद्ध सशक्त आन्दोलनमा उत्रने निर्णय गरेको छ।

चालु आर्थिक वर्षको बजेटमा उखु किसानलाई गरेको अनुदानको कुनै व्यवस्था नगरेको सरकारले गत वर्ष क्रसिङ भएको उखुकै पनि अझै अनुदान पाएका छैनन्।



सर्लाहीका किसानले मात्रै सरकारबाट ३७ करोड ३९ लाख ९५ हजार ३७९ रुपैयाँ अनुदान पाउँन बाँकी छ।

सरकारले अनुदान रकम कटौती गर्दा लाखौं किसान उखु खेतीबाट पलायन हुने अवस्था आएको उखु उत्पादक संघका अध्यक्ष कपिलमुनी मैनाले जानकारी दिए।

# संघीय गणतान्त्रिक गठबन्धनको प्रदर्शन




**टुडे समाचारदाता**

बारा । बाराको सदरमुकाम कलैयामा संघीय गणतान्त्रिक गठबन्धनले प्रदर्शन गरेको छ।

गठबन्धनका संयोजक तथा नेपाल संघीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष एवं पूर्व गृहराज्यमन्त्री मोहम्मद रिजवान अन्सारीले यो आन्दोलन अब नरोकिने घोषणा गरे। उनले भने, 'यो उत्पीडित जनताको क्रान्ति हो । हामी अब न झुक्छौं, न बिक्छौं। हामीले मधेश र नेपालका शोषित जनताको राज्यसत्ता स्थापना गरेरै छाड्नेछौं। २०८४ को निर्वाचन हाम्रो परीक्षण मात्र होइन, हाम्रो विजयको सुरुवात हुनेछ।' उनले भ्रष्टाचार, बेइमानी र विभेदको विरुद्ध सम्पूर्ण उत्पीडित समुदायलाई एकीकृत संघर्षमा होमिन आह्वान गरे।

बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकरले जातीय, लैङ्गिक, धार्मिक वा क्षेत्रीय विभेद रहेसम्म स्थिरता र समृद्धिको सपना अधुरो रहने बताउँदै संविधान संशोधन गरेर मात्र न्याय सम्भव हुनेमा जोड दिए।

नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले गजेन्द्र नारायण सिंहले सुरु गरेको आन्दोलनलाई आफूहरूले बोकेको स्मरण गर्दै, जबसम्म धोकेबाज नेताहरू राजनीतिक रूपमा समाप्त हुँदैनन्, मधेशी जनताको मुक्तिको सपना अधुरो नै रहने बताए।

नेपाल संघीय समाजवादी पार्टीका जिल्ला अध्यक्ष अनवर अन्सारीको अध्यक्षतामा सम्पन्न यस कार्यक्रममा गठबन्धनका संयोजक तथा पूर्व गृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारी, नेपाल जनजागृति पार्टीका अध्यक्ष धुपलाल निषाद, बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकर, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतो लगायत पाँच दलका शीर्ष नेताहरू, केन्द्रीय सदस्यलगायतकाहरुको सहभागिता रहेको थियो।

# अस्पतालको आवास गृहमा गैर-चिकित्सकको रजाइँ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जस्थित नारायणी अस्पतालमा नर्सहरूका लागि निर्माण गरिएको आवासीय भवनमा डेढ दशकदेखि गैर-नर्स र गैर-चिकित्सकको रजाइँ हुँदा नर्स तथा चिकित्सकहरु मर्कामा परेका छन्।

अस्पतालको महेन्द्र आरोग्य भवनपछाडि पश्चिमतर्फ रहेको ३२ कोठे क्वार्टरमध्ये झन्डै ४० प्रतिशत कोठामा अस्पतालका अन्य कर्मचारीहरू अनाधिकृत रूपमा बसोबास गरिरहेको अस्पताल प्रशासनले जनाएको छ।

सो समस्याले विशेषगरी बाहिरबाट आउने नर्सहरूलाई प्रत्यक्ष असर पारेको छ । उनीहरू अस्पतालको आवास सुविधा पाउन नसकेर महँगो डेरामा बस्न बाध्य छन्। यसको पछिल्लो उदाहरणका रूपमा हालै अस्पतालमा बहालमा आएका मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दास स्वयंले पनि क्वार्टर नपाएर एक महिनासम्म होटलमा बस्नुपरेको थियो । त्यस्तै अस्पतालको ११औं तहकी मेट्रोनसमेत अहिले क्वार्टर नपाएर डेरामै बसिरहेको बुझिएको छ।

अस्पताल प्रशासनले विगतमा पनि यी अनाधिकृत कब्जा हटाउने प्रयास गरे पनि




राजनीतिक दबाबका कारण अभियान प्रभावकारी हुन सकेको छैन। कतिपय कर्मचारीहरू सरुवा भएर गइसकेपछि पनि क्वार्टर खाली नगरी ताला लगाएर राख्ने वा आफन्तलाई जिम्मा दिएर जाने प्रवृत्तिले समस्या झन् गहिरिएको अस्पताल प्रशासन बताउँछन्।

अस्पताल विकास समितिका अध्यक्ष धीरज गुप्ताका अनुसार पटक-पटक खाली गराउन पत्राचार गर्दा पनि कुनै परिणाम आएको छैन।

यही समस्या प्रसूति गृहको पूर्वतर्फ रहेको २४ कोठे चिकित्सक तथा नर्स आवास भवनमा पनि दोहोरिएको छ। त्यहाँ पनि महानगरमा घर भएका, सेवानिवृत्त भइसकेका वा अन्यत्र कार्यरत कर्मचारीहरूले वर्षौंदेखि डेरा जमाएर बसेका छन्।

यद्यपि, अस्पताल प्रशासनले यस समस्या समाधानका लागि नयाँ रणनीति ल्याएको बताएको छ। अस्पताल प्रमुख हृदयेश गिरीले अब क्वार्टर छोड्ने कर्मचारीले कोठाको साँचो बुझाएपछि मात्र रवानापत्र दिने नीति लागू गरिएको बताए । यस नीतिका कारण हालसम्म एक जना कर्मचारीलाई स्थानान्तरण गरिएको उनले बताए।

तर विगतदेखि बसेका र पहिले नै सेवानिवृत्त भइसकेका कर्मचारीको हकमा भने प्रशासन अझै मौन देखिन्छ। प्रहरी प्रशासनले सहयोग गर्ने आश्वासन दिँदा पनि अस्पताल प्रशासनले हालसम्म कुनै ठोस पहल गरेको छैन, जसका कारण नर्सहरूको आवास समस्याप्रति कसैले वास्ता नगर्दा उनीहरु दिनानुदिन समस्या भोग्न विवश छन्।

# गरुडा बजारमा छैन सार्वजनिक शौचालय, यात्रुलाई सास्ती

**सञ्जय मिश्रा**

रौतहट । रौतहट जिल्लाको प्रमुख व्यापारिक केन्द्रका रूपमा परिचित गरुडा बजारमा सार्वजनिक शौचालय नहुनु यहाँका सर्वसाधारण, व्यापारी, यात्रु र पर्यटकहरूका लागि ठूलो समस्या बनिरहेको छ। गरुडा नगरपालिकाका मेयर कन्थमणि जैसवालको कार्यकाल तीन वर्ष वित्दा पनि सार्वजनिक शौचालयको व्यवस्था हुनसकेको छैन।

दैनिक सयौं मानिसको आवतजावत हुने यो क्षेत्रमा शौचालय सुविधा नहुनु सरसफाइ तथा मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको गम्भीर चुनौती हो।

गरुडा बजारमा दर्जनको हाराहारीमा बैंक तथा अन्य ठूला ठूला व्यापारिक प्रतिष्ठानहरू सञ्चालनमा छन्। साथै, हप्तामा दुईपटक–मंगलवार र शनिवार–लाग्ने गरुडा हाट बजारमा रौतहट, सर्लाही, बारा , पर्सा, मकवानपुर लगायत सीमावर्ती भारतीय गाउँ आसपासका जिल्लाबाट हजारौं मानिसहरू पशु चौपाया किनमेल तथा व्यापारिक प्रयोजनले आउने गर्दछन्। यद्यपि, यत्रो भीडभाड हुने ठाउँमा एकवटा पनि सार्वजनिक शौचालय नहुनु व्यवस्थापकीय असफलता हो भन्ने स्थानीयको गुनासो छ।

स्थानीय समाजसेवी रामभरोस यादवका अनुसार, बजारमा आउने महिला तथा पुरुषहरूलाई अचानक दिसा पिसाब लाग्दा ठूलो सास्ती भोग्नु परेको छ। पिसाब फेर्ने गली-कुना खोजेर काम चलाउन सकिए पनि दिसाको समस्या हुँदा मानिसहरू स्थानिय व्यापारीको घरमा रहेको निजी शौचालयमा निर्भर हुन बाध्य छन्। सार्वजनिक स्थानमा यस्ता आधारभूत पूर्वाधारको अभावमा यात्रुहरूको गरिमा र स्वास्थ्य दुवैमा आघात



पुगिरहेको उनको भनाइ छ।

स्थानीयको आरोप छ कि जनप्रतिनिधिहरूले वर्षेनी करोडौं बजेट माटो, ग्रेभल, अस्थायी सडक मर्मतजस्ता काममा खर्च गरे पनि नागरिकका प्रत्यक्ष सरोकारका विषयमा चासो देखाएका छैनन्। स्थानियहरूले जनप्रतिनिधिहरूको प्राथमिकता जनस्वास्थ्य र सरसफाइभन्दा बढी नाफाहुनेकाममा केन्द्रित रहेको भन्दै आलोचना गरेका छन्।

तीन वर्षअघि नै रौतहट जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा गरिसकिएको हो। तर, जिल्लाकै प्रमुख बजारमा सार्वजनिक शौचालय नहुनु सरकारको घोषणाको व्यवहारिकतामाथि प्रश्न उठाउने अवस्था सिर्जना भएको छ। नगर प्रमुख ईन्दु राय यादवले गत वर्ष गरुडा बजारमा सार्वजनिक शौचालय बनाउने प्रतिबद्धता जनाएका थिए। तर, प्रतिवद्धता व्यवहारमा नआउनुले नेतृत्वको इच्छाशक्ति र कार्यक्षमतामा शंका उठेको छ।

गरुडा बजार क्षेत्रको शौचालय अभावले यात्रु, व्यापारी तथा स्थानीय बासिन्दाको दैनिकीमा समस्या ल्याइरहेको छ। यथाशक्य चाँडो सार्वजनिक शौचालय निर्माण नगरेसम्म स्वास्थ्य संकट, वातावरणीय प्रदूषण तथा सामाजिक अपमानका घटनाहरू बढ्दै जान सक्छन् । नगरपालिकाले योजनाबद्ध रूपमा स्थान छनोट गरी, महिला, बालबालिका तथा अपाङ्गमैत्री सार्वजनिक शौचालय निर्माण गर्नु वर्तमान आवश्यकता हो।

२०७९ को निर्वाचनपछी कन्थमणि जैसवाल गरुडाको मेयर पदमा निर्वाचित भएर कार्यभार सम्हालेको झण्डै ६ महिना सार्वजनिक शौचालयबारे चासो राख्दा उनले एकवर्ष भित्र समस्या समाधान गर्ने प्रतवद्धता जनाएका थिए।

तर उनको कार्यकाल तीन वर्ष वित्दा पनि गरेको प्रतिबद्धता पूरा हुनसकेको छैन। हुन त २०७४ को पहिलो स्थानियतहको निर्वाचनमा गरुडाका मेयर बनेका ईन्दु राय यादवको समेत सिंगो कार्यकाल सकिँदा पनी सार्वजनिक शौचालयको व्यवस्था हुन सकेन।

# दिवंगत पत्रकार प्रजापतिको परिवारलाई आर्थिक सहयोग

**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया नगरपालिका-५ निवासी दिवंगत पत्रकार रविन्द्र प्रजापतिको परिवारलाई मौलापुर नगरपालिकाले २५, हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ। नगरप्रमुख रीना कुमारी साह, प्रमुख प्रशासकीय अधिकृत राम बाबु साह तथा आम विद्यार्थी मोर्चाका केन्द्रीय अध्यक्ष विवेक साहले पीडित परिवारको घरमै पुगी सो सहयोग रकम हस्तान्तरण गरेका हुन्।

सहयोग हस्तान्तरणका क्रममा प्रतिनिधिमण्डलले दिवंगत पत्रकारप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेका थिए। नगरप्रमुख साहले पत्रकार प्रजापतिको निधनले समाजमा ठूलो क्षति पुगेको बताउँदै स्थानीय सरकार सधैं दुखद घडीमा नागरि कसँग रहने प्रतिबद्धता जनाइन्।

सहयोग रकमले पीडित परिवारलाई केही हदसम्म राहत मिल्ने अपेक्षा गरिएको छ। स्थानीयहरूले यस्तो दुःखद घडीमा साथ दिने मौलापुर नगरपालिकाको कदमको प्रशंसा गरेका छन्।

पारिवारिक तनावको कारण प्रजापती १३ दिन अघी आफ्नै घरमा घाँटीमा पासो लगाएर आत्महत्या गरेका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८